मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ५७ ● २०८१ साल पुष २२ गते सोमबार ● Monday 06, January 2025 ● सूर्योदयः बिहान ६:५५ बजे ● सूर्यास्तः साँझ ५:२६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## दरभंगा मेडिकल कलेज सुपरिटेन्डेन्टमा साहू



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

भारतको दरभंगा मेडिकल कलेज अस्पतालको नयाँ सुपरिटेन्डेन्टमा डा. शीला साहु नियुक्त भएकी छिन् । अधीक्षक बनेपछि बिहार तैलिक साहु सभाका प्रदेश अध्यक्ष विधायक रणविजय साहु, झंझारपुर भाजपा जिला अध्यक्ष ऋषिकेश राघव, विहार तैलिक साहु सभाका महासचिव सुरेश कुमार साह, दरभंगा तैलिक साहु सभाका अध्यक्ष रामबाबु साह, मधुबनी जिल्ला तैलिक साहु सभा अध्यक्ष हीरालाल साह, जिला पार्षद विनोद प्रसाद साहसहित धेरैले बधाई दिएको छन् ।

# जय ट्रफी शुरु
# पहिलो दिनको खेलमा स्पिनर हाबी



**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा आइतबारदेखि शुरु भएको 'जय ट्रफी मेन्स एलिट कप'को पहिलो दिन वीरगंजमा भएको खेलमा नेपाल पुलिस क्लबविरुद्ध पहिलो इनिङ्गमा त्रिभुवन आर्मी क्लबले १ सय २१ रन बनाएको छ ।

वीरगंजस्थित नारायणी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको त्रिभुवन आर्मी क्लबले ३४.४ ओभरमा अलआउट हुँदै १ सय २१ रन मात्र बनाएको हो । पुलिसका ललित राजवंशीले एक्लैले ७ विकेट लिएपछि आर्मी पहिलो इनिङ्ग १ सय २१ रनमै सीमित हुन पुगेको थियो ।

आर्मीका लागि कुशल मल्लले २५ रन, भीम सार्कीले २२ रन, विनोद भण्डारीले २१, बसिर अहमदले १२ रन, सोमपाल कामीले ५ रन र सन्तोष कार्कीले १ रन बनाए ।

पुलिसका लागि ललितले १४.४ ओभर बलिङ गर्दै एक्लैले ७ विकेट लिए भने रसिद खान, श्रवण यादव र कुशल भुर्तेलले समान एक–एक विकेट लिए । त्यसपछि आफ्नो पहिलो इनिङको ब्याटिङ् थालेको पुलिसले पहिलो दिन १ सय ३ रन बनाएको छ । पहिलो दिनको खेल सकिनुअघि पुलिसले २४ ओभर खेल्दै ७ विकेटको क्षतिमा १ सय ३ रन बनाएको हो । पुलिसका लागि ३४ रन बनाएका गुल्शन झा र १ रन बनाएका प्रेम तमाङ क्रिजमा अविजित छन् । त्यसबाहेक पुलिसका लागि अमित श्रेष्ठले १८, रसिद खानले १६, शंकर राना १३ र दिलीप नाथले १० रन मात्रै जोडे । कुशल भुर्तेल र अर्जुन साउद भने शून्य रनमै आउट हुन पुगे ।

बलिङ्तर्फ आर्मीका साहब आलम एक्लैले ५ विकेट लिए । ११ ओभर बलिङ् गरेका आलमले ५५ रन खर्चिएर ५ विकेट लिएका हुन् । त्यस्तै, सोमपाल कामी र पवन कार्कीले समान एक–एक विकेट लिए । सोमबार दोश्रो दिनको खेल पुलिसले १ सय ४ बाट शुरु गर्नेछ । आइतबार प्रतियोगिताको समुद्घाटन वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले गरेका थिए । त्यसअसरमा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, पर्साका प्रहरी उपरीक्षक कुमोध ढुंगेल, पर्सा क्रिकेट संघका अध्यक्ष मनिष सिंहलगायतकाको पनि उपस्थिति थियो ।रेड बल र ह्वाइट जर्सीको प्रयोग भइरहेको दुई दिवसीय जय ट्रफी एलिट कप माघ ३ गतेसम्म चल्नेछ । प्रतियोगितामा गतवर्ष सम्पन्न प्रधानमन्त्री कप (पिएम कप) राष्ट्रिय क्रिकेट प्रतियोगितामा शीर्ष चारमा रहेका नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, बागमती प्रदेश र मधेश प्रदेशले प्रतिस्पर्धा गरिरहेका छन् ।

सिंगल राउन्ड रोबिनका ६ खेलपछि शीर्ष दुई टोलीबीच माघ ३ गते फाइनल खेल हुनेछ । लिग चरणका खेल दुई दिवसीय हुनेछ भने फाइनल खेल तीन दिवसीय हुने पर्सा क्रिकेट संघका अध्यक्ष मनिष सिंहले जानकारी दिए ।

यसैगरी, जय ट्रफी मेन्स एलिट कपमा मधेश प्रदेशविरुद्ध बागमती प्रदेश ६८ रनले पछाडि परेको छ । जनकपुरस्थित रामजानकी मैदानमा जारी खेलको पहिलो दिन समाप्त हुँदा बागमती ३४–२ को स्थितिमा छ । बागमतीका लागि शुभ कंशाकार २२ र इशान पाण्डे ९ रन बनाएर खेलिरहेका छन् । रित गौतम ३ रन बनाएर पेभेलियन फर्कँदा आशुतोष घिरैयाले खाता पनि खोल्न सकेनन् । मधेशका लागि रुपेश सिंह र विशाल पटेलले समान एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङ रोजेको मधेश पहिलो इनिङमा १ सय २ रनमै समेटिएको थियो । मधेशका लागि मायन यादवले २१, विशाल पटेलले १६, निरज यादवले १२, अभिषेक तिवारीले ११ र हिमांशु दत्तले १० रन बनाए । बागमतीका लागि कप्तान सन्दीप लामिछानेले पाँच, सूर्य तामाङले तीन तथा नन्दन यादव र प्रतिश जिसीले समान एक विकेट लिए ।

# 'अदालतबाट सफाइ पाएको हुँ समाचार खण्डन होस्'

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले आफूविरुद्ध सञ्चारमाध्यममा लगाइएका विभिन्न आरोपको खण्डन गरेका छन् । आइतबार नेपाल पत्रकार महासङ्घ, पर्साको सभा हलमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री जयसवालले समाचारमा लगाइएको आरोपलाई निराधार, तथ्यहीन, र अपुष्ट रहेको दाबी गरे । मन्त्री जयसवालले अदालतबाट आफूले पूर्ण सफाइ पाएको र ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा अदालतको आदेशमा राखिएको धरौटीसमेत फिर्ता पाएको तथ्य सार्वजनिक गरे ।
उनले अदालतको आदेश र धरौटी फिर्तासम्बन्धी निर्णयको प्रतीलिपि पनि प्रस्तुत गरे । मन्त्री जयसवालले सहोदर भाइ प्रदीप जयसवालले पनि वन्यजन्तु चोरी सिकारीको आरोपमा सिआइबीसहित सबै निकायबाट सफाइ पाएको दाबी गरे । पत्रकार सम्मेलनमा उनले सञ्चारमाध्यमले एकपक्षीय र पूर्वाग्रहपूर्ण ढङ्गले समाचार प्रकाशित गरेको गुनासो व्यक्त गरे । उनले आफूलाई बदनाम गर्ने नियतले समाचार लेखिएको आरोप लगाउँदै समाचार प्रकाशित गर्नुअघि आफ्नो धारणासमेत माग नगरेकामा गम्भीर असन्तुष्टि व्यक्त गरे । उनले सञ्चारमाध्यमलाई समाचार खण्डन गर्न आग्रह गर्दै त्यसो नगरे कानूनी कदम चाल्ने चेतावनी पनि दिए । साथै, उनले तथ्यहीन र भ्रमपूर्ण समाचारले जनतामा गलत सन्देश जाने बताउँदै त्यस्ता खबरको जिम्मेवारी सञ्चारमाध्यमले लिनुपर्नेमा



जोड दिए । मन्त्री जयसवालले समाचार लेख्ने पत्रकार अन्य कुनै व्यक्तिको प्रभावमा आएको दाबी गर्दै ती व्यक्तिले पत्रकारलाई अधूरो जानकारी मात्र दिएको आरोप पनि लगाए । उनले यस्ता समाचार प्रकाशित गर्नुअघि पूरा सत्य जानकारी लिन पत्रकारहरूसँग आग्रह पनि गरे ।
जयसवालले आफूविरुद्ध समाचार लेख्ने पत्रकार जियालाल साहले धम्की खेपेको र उनीमाथि सामाजिक सञ्जालमा गरिएको धम्कीपूर्ण टिप्पणीको घटनामा आफू र आफ्नो पार्टीका कार्यकर्ताको संलग्नता अस्वीकार गर्दै यस्ता गतिविधिको अनुसन्धान गरी दोषीमाथि कारबाही गर्न माग गरे । उनले समाचार लेखेकै भरमा पत्रकारलाई धाकधम्की दिनु दुःखद भएको बताउँदै त्यस्तो नगर्न आग्रह पनि गरे ।
केही दिनअघि नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमोद जयसवाल र उनका भाइ प्रदीप जयसवाललाई पार्टीमा प्रवेश गराएका थिए । त्यस पश्चात्, 'सिधाकुमार डट कम' अनलाइन पोर्टलले 'आपराधिक पृष्ठभूमिका जयसवाल दाजुभाइलाई ओलीबाटै एमालेमा भव्य स्वागत, मधेशका एमालेमा त्रास' शीर्षकमा समाचार प्रकाशित गरेको थियो । समाचारमा ज्यान मार्ने उद्योग, वन्यजन्तु चोरी सिकारी जस्ता गम्भीर आरोपको विवरण प्रस्तुत गरिएको थियो । समाचारमा २०७९ पुस ९ गते सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यसवन्त यादवमाथि भएको साङ्घातिक आक्रमण प्रकरणमा मन्त्री जयसवालको संलग्नता रहेको र उनलाई एक लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गरिएको उल्लेख गरिएको थियो । यस्तै, सोही समाचारमा २०७९ पुस ४ गते राति पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रको घटना र सिकारी समूहको गतिविधिमा मन्त्री जयसवालका सहोदर भाइ प्रदीप जयसवालको नाम जोडिएको दाबी गरिएको थियो । समाचारमा उल्लेख भएअनुसार २०७९ माघ १७ गते पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले वन्यजन्तु चोरी सिकारी प्रकरणमा ४९ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । दायर गरिएको आरोपमा प्रदेश मन्त्री जयसवाल र प्रदीप जयसवालसहित अन्य धेरैको नाम समेटिएको थियो । तर, निकुञ्ज प्रशासनले गुप्त प्रक्रियामा प्रदीप जयसवाललाई सफाइ दिएको समाचारमा दाबी गरिएको थियो । मन्त्री जयसवालले सबै घटनालाई राजनीतिक षड्यन्त्रको हिस्सा भएको बताउँदै अदालतको आदेशलाई प्रमाण मान्न आग्रह गर्दै आफ्नो व्यक्तिगत छवि र पदीय मर्यादामा आँच पुऱ्याउने कुनै पनि भ्रम सिर्जनाप्रति गम्भीर असन्तुष्टि व्यक्त गरे ।

# रङ्गशाला बनाउन डिपिआर तयार गरिँदै

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रङ्गशाला बनाउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइरहेको बताएका छन् ।



आइतबारदेखि जनकपुरधाममा शुरु भएको 'जय ट्रफी मेन्स एलाइट कप'को उद्घाटनमा मुख्यमन्त्री सिंहले सोमबार राष्ट्रिय खेलकुद परिषद् र गुठी संस्थानसँग प्रदेश सरकारले खेल मैदानका लागि सम्झौता गर्ने बताए । रङ्गशाला बनाउने स्थानको जमिन सरोकार भएका निकायसँगको सहमतिमा मालपोतबाट पास हुनेबित्तिकै प्रदेशस्तरीय मन्त्रिपरिषद्बाट निर्णय गरेर प्रतिवेदन सङ्घीय सरकारसमक्ष पेस गरिने उनले उल्लेख गरे ।

करिब सात वर्षअघि भारत सरकारका तर्फबाट प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको विकासका लागि एक अर्ब रुपैयाँ उपलब्ध गराउने घोषणा गरेको रकम हालसम्म खर्च नभएकाले रकम रङ्गशाला निर्माणमा लगाउने मुख्यमन्त्री सिंहले जानकारी दिए । बाँकी रकम प्रदेश सरकारले लगानी गर्ने उनले बताए । भारत सरकारले प्रदान गर्ने भनेको रकम खर्च गर्न प्रदेशस्तरीय मन्त्रिपरिषद्बाट निर्णय गरेर केन्द्रमा पठाउनुपर्ने बताउँदै मुख्यमन्त्री सिंहले केन्द्र सरकारले स्वीकृत गरी भारतीय दूतावासमा पठाउनुपर्ने र दूतावासले स्वीकृति प्रदान गरेपछि मात्र बोलपत्र आह्वान गर्न सकिने जानकारी दिए । केही प्राविधिक त्रुटिका कारण अहिलेसम्म बोलपत्र आह्वान हुन नसकेको उनले उल्लेख गरे ।
गुठी संस्थानले राष्ट्रिय खेलकुद परिषद्सँग सम्झौता गरिसकेको अवस्थामा प्रदेश सरकारसँग जग्गा नभएकाले टिप्पणी उठाउन नसकिएको मुख्यमन्त्री सिंहले बताए । उनले रङ्गशालाका लागि दुई अर्ब ५० करोड रुपैयाँदेखि तीन अर्ब रुपैयाँसम्म खर्च लाग्ने अनुमानसहित बोलपत्र आह्वान गरिने जानकारी दिए ।
मुख्यमन्त्री सिंहले खेलकुदका साथै अन्य पूर्वाधार विकासमा पनि प्रदेश सरकारले युवासँग सहकार्य र समन्वय गरी अवसर सिर्जना गर्दै जाने प्रतिबद्धता जनाए । जय ट्रफी उद्घाटनमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, नेपाल क्रिकेट सङ्घ (क्यान)का उपाध्यक्ष रोशन सिंह, सचिव पारस खड्का, धनुषा क्रिकेट सङ्घका अध्यक्ष गुड्डु पाण्डेय, विभिन्न राजनीतिक दलका प्रतिनितिधिलगायत खेलप्रेमीको उपस्थिति थियो ।



## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिरहा, मधेश प्रदेश, नेपाल**

# बज्जिका भाषा संरक्षण र सम्बर्द्धनमा जोड

**भारत ।**
विहारस्थित वैशालीमा बोलीचालीमा रहेको बज्जिका भाषाको संरक्षण तथा सम्बर्द्धनमा जोड दिइएको छ ।
सार्क जर्नालिष्ट फोरम, विहार च्याप्टरको संयोजनमा अम्रपाली कला साहित्य समाजले शनिबार आयोजना गरेको अन्तर्राष्ट्रिय मातृभाषा सम्मेलनमा सरोकारवालाले यसको संरक्षणबाट उन्नत समाज निर्माणमा टेवा पुग्ने बताए ।
यस अवसरमा अन्तर्राष्ट्रिय भाषाविज्ञ डा. सरिता बुधुले नेपालसँग भाषा र सांस्कृतिक सम्बन्ध अटुट रहेको औँल्याउँदै भाषाको लडाइँ अस्तित्वसँग जोडिएको बताइन् । भाषालाई संरक्षण तथा संवद्र्धन गर्न स्थानीय जागरुक हुनुपर्नेमा जोड दिँदै उनले यसलाई संवैधानिकरूपमा सुनिश्चित गर्न आग्रह गरिन् ।
भारतको पटना उच्च न्यायालयका पूर्वन्यायाधीश राजेन्द्र प्रसादले भाषाले उन्नत समाजका लागि बौद्धिक ज्ञान आदानप्रदान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यसको संरक्षण सबैको साझा दायित्व भएको बताए ।
सामाजिक अभियन्ता बरुण सिंहले नेपालको मैथली भाषासँग मिल्दोजुल्दो भाषाका रुपमा बज्जिका भाषा रहेको जानकारी दिँदै भाषा संस्कृति र सभ्यताको परिचय भएको बताए ।
विहार हिन्दी साहित्य सम्मेलन पटनाका अध्यक्ष डा. अनिल सुलभले बज्जिका भाषामा व्याकरणको विकास हुन नसकेको उल्लेख गर्दै मातृ भाषाको मूल्य, मान्यता अन्य भाषाभन्दा फरक रहेको धारणा व्यक्त गरे । सार्क जर्नालिष्ट फोरम, विहार च्याप्टरका अध्यक्ष शशिभुषणले बज्जिका भाषाका बारेमा विस्तृत जानकारी दिँदै यस भाषालाई संविधानमा सूचीकृत गर्न पहल गरिएको बताए ।
सार्क जर्नालिष्ट फोरम, नेपाल च्याप्टरका संयोजक रुद्र सुवेदी, नेवाः पत्रकार मञ्चका नृपेन्द्रलाल श्रेष्ठ, सुनिल मर्हजन, आरिफ अन्सारीलगायतले भाषाको विकासबाट पत्रकारितामा समेत टेवा पुगेको बताए । विहार क्षेत्रमा महत्व बेग्लै रहेको बज्जिका भाषा नेपालको जनकपुरलगायत स्थानमा बोलिने यहाँका भाषासम्बन्धी जानकारहरूले बताएका छन् । सम्मेलनमा नेपाल, भारत, बङ्गलादेश, थाइल्याण्ड र मरिससका प्रतिनिधि सहभागी थिए । यस अवसरमा सम्मेलनमा सहभागी नेपालका सञ्चारकर्मीहरूलाई सम्मान गरिएको थियो । रासस

# नेत्ररोग विशेषज्ञ डा. रुइत पुरस्कृत



**कास्की ।**
वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइत पोखरामा यस वर्षको श्रीपती समाज सेवा राष्ट्रिय पुरस्कारबाट पुरस्कृत भएका छन् ।
पोखरा महानगरपालिका–९ महेन्द्रपुलमा रहेको श्रीपति कोइराला गुठीले स्थापना गरेको पुरस्कार स्वास्थ्य तथा मानवीय सेवाका क्षेत्रमा देशको नाम अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल रुइतलाई प्रदान गरिएको हो । तिलगङ्गा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशकसमेत रहनुभएका डा. रुइतलाई गुठीको ३२औँ वार्षिक साधारणसभा समारोहमा पोखरा–९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीलगायतले शनिबार दुई लाख २२ हजार दुई सय २२ रुपैयाँसहित श्रीपति समाज सेवा पदक र ताम्रपत्रबाट पुरस्कृत गरे । कार्यक्रममा डा. रुइतले सम्मानले आफूलाई जिम्मेवार बन्दै थप समाज सेवाका लागि अभिप्रेरित गरेको बताए । यसैगरी सामाजिक पत्रकारिता पुरस्कारबाट वरिष्ठ पत्रकार नारायण कार्की सम्मानित भएका छन् । पत्रकारिताका माध्यमबाट सामाजिक सेवामा पु¥याएको योगदानको कदरस्वरुप उनलाई नगद २२ हजार दुई सय २२ रुपैयाँ राशिसहित दोसल्ला र सम्मानपत्रले सम्मानित गरिएको हो ।
देश र जनताका लागि विपद्मा उद्धार तथा राहत सहयोग, शिक्षा, संस्कृति, स्वास्थ्य सेवा, विज्ञान प्रविधि, सामाजिक जागरण, मानवीय सेवा र सामुदायिक विकासको क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई श्रीपति समाज सेवा राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको श्रीपति कोइराला गुठीका सचिव नवराज कोइरालाले बताए ।
उनले भने, 'मानवीय सेवाका क्षेत्रमा र विशेषगरी आँखा उपचारमा गर्नुभएको योगदानको कदर गर्दै डा. रुइतलाई पुरस्कृत गरेका हौँ ।'
पुरस्कृत व्यक्तित्व छनोटका लागि गुठीका अध्यक्ष फणिन्द्रराज कोइरालाको संयोजकत्वमा समाजसेवी, बुद्धिजिवीसहितको ६ सदस्यीय समिति गठन गरिएको थियो । छनोट समितिको सिफारिसलाई गुठीको बैठकले अनुमोदन गरी असार २७ गते पुरस्कृत व्यक्तित्वको नाम सार्वजनिक गरेको थियो । यसअघि यो पुरस्कारबाट माइती नेपाल, राष्ट्रिय आविष्कार केन्द्र, सर्लाहीको पद्म भवानी नमूना विद्याश्रम र पोखराको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति पुरस्कृत भइसकेका छन् । रासस

# गुरु गोविन्द सिंहको दशौँ जन्मजयन्ती मनाइँदै

**काठमाडौँ ।**
गुरु गोविन्द सिंहको जन्मजयन्ती आइतबार विभिन्न कार्यक्रम आयोजना गरी शिख धर्मावलम्बीले मनाएका छन् । गुरु गोविन्द सिंह शिख धर्मावलम्बीहरूका दशौँ गुरुका रूपमा परिचित छन् ।
प्रत्येक वर्ष जनवरी ५ तारिखका दिन गुरु गोविन्द सिंहको जन्मजयन्ती मनाइन्छ । भारतको पटनामा सन् १६६६ मा जन्मेका गोविन्द सिंह सन् १६७५ नोभेम्बर ११ तारिखका दिन आफ्ना बुबा तेघबहादुरको निधनपछि शिखहरूको दशौँ गुरु बनेका थिए । गुरु गोविन्दले आफ्नो जीवनभर सबैलाई प्रेम, एकता र भ्रातृत्वको सन्देश दिए ।
उनी निकै शान्त स्वभावको व्यक्तित्व थिए । आफ्नो अहित सोच्ने दुश्मनहरूसँग पनि गुरुले सहनशीलता, मधुरता र सौम्यताका साथ सामना गर्थे । गुरु गोविन्द सिंहको मान्यता थियो कि 'मनुष्यले न कसैसँग डराउन हुन्छ न कसैलाई तर्साउनु हुन्छ ।'
नेपालमा रहेका शिखहरूले पनि यस दिन उत्सवका साथ गुरु गोविन्द सिंह जयन्ती मनाउने गर्छन् । गुरु गोविन्द सिंह जयन्तीमा काठमाडौँको पशुपति, ज्ञानेश्वर, बालाजु, थापाथली र कुपण्डोललगायत स्थानमा रहेको गुरुद्वारामा विशेष पूजापाठ एवम् भण्डारा कार्यक्रम भएको छ । रासस

# माघीअघि मघौटा र सिङ्गारुको रमाइलो



**दाङ ।**
मञ्चमा पालैपालो मघौटा नाच चलिरहेको थियो । दर्शक पनि त्यसमा रमाइरहेका थिए । बूढापाकादेखि नयाँ पुस्ताले मघौटा नाच नाचिरहेका थिए । नयाँ पुस्ता केही नयाँ शैलीमा नाच्न खोज्दै थिए भने बूढापाका परम्परादेखि नाच्दै आएको मघौटा नाच नाचिरहेका थिए । त्यसमा मिसिएका थियो, सिङ्गारु, पैसेरी र मयुर नाच ।
यो दृश्य शनिबार तुलसीपुर उपमहानगरपालिका–१२ ले आयोजना गरेको माघी विशेष सांस्कृतिक कार्यक्रमको हो । वडाभित्रका विभिन्न टोल विकास संस्था तथा क्लबले यसमा सहभागिता जनाएका थिए । थारू संस्कार तथा संस्कृति संरक्षण गर्न यसरी माघी विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरिएको वडाध्यक्ष खुसीराम चौधरीले बताए ।
'पछिल्लो समय नयाँ पुस्ताले थारू संस्कार, संस्कृति भुल्दै गएको भन्ने गुनासो आउने गरेको छ,' उनले भने, 'यसलाई संरक्षण गर्न यो कार्यक्रम आयोजना गरेका हौँ ।' वडाले यसरी प्रत्येक वर्ष कार्यक्रम आयोजना गर्ने गरेको छ ।
कार्यक्रममा युवादेखि ज्येष्ठ नागरिकसम्मले भाग लिएका थिए । जसमा रजौराको नाच प्रथम, रजेनीको नाच द्वितीय र रझेनाको नाच तृतीय भएका छन् । अन्य नाचका सहभागीलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । यस्तै, झाँकीमा रझेनीको नाचले प्रथम पुरस्कार प्राप्त गर्न सफल भएको थियो । विभिन्न वेशभूषामा सजिएर थारू समुदाय सहभागी भएको थियो । जहाँ ढिक्री, अचार, घुँडी, बङ्गरको मासुसमेतको व्यपस्था गरिएको थियो । जुन थारू समुदायको परिकार हो ।
त्यस अवसरमा तुलसीपुर उपमहानगर पालिकाका उपप्रमुख स्यानी चौधरीले थारू समुदायले आफ्नो संस्कार, संस्कृति नयाँ पुस्तालाई हस्तान्तरण गर्न यस्ता कार्यक्रमले भूमिका खेल्ने बताए । यस अवसरमा गुरुवा, सुडेनी, महतवा र महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिएको थियो । उनीहरूले समाजमा पु¥याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो । कार्यक्रममा कलाकार दोषरण चौधरी र सङ्गीता चौधरीले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए । रासस





**शीतलहर तथा चिसोबाट बच्ने उपायहरू**

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पोखरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पर्सा, मधेश प्रदेश, नेपाल**


# जनमतद्वारा निशुल्क आँखा शिविर सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साको आयोजनामा निशुल्क आँखा शिविर सम्पन्न भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ इनर्वामा शिविर सम्पन्न भएको हो ।
संसारीमाई धर्मशालामा आयोजित शिविरमा एक सय ४० जनाको आँखाको चेकजाँच गरिएको छ । जसमध्ये ३४ जनामा मोतियाबिन्दुको समस्या फेला परेको जनमत पार्टीका पर्सा अध्यक्ष ओमप्रकाश सर्राफले बताए । उनका अनुसार मोतियाबिन्दु देखिएकाहरुको वीरगंज सामुदायिक आँखा अस्पतालमा शनिबार निशुल्क शल्यक्रिया गरिनेछ ।
शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालका डा. महेश सिंह धामी लगायतको टोलीले आँखाको चेकजाँच गरेका थिए ।
पार्टीले जिल्लाका गरिब तथा विपन्न नागरिकलाई मध्यनजगर गर्दै आँखा चेकजाँचको अभियान शुरु गरिएको बताए । ग्रामिण इलाकाका नागरिकहरु स्वस्थ्य सेवाको पहुँचमा आउनबाट वञ्चित हुने तथा उनीहरुमा सूचनाको अभाव समेत रहने भएकाले अभियान नै चलाएर चेकजाँच शुरु गरिएको उनले जानकारी दिए ।
कार्यक्रममा केन्द्रिय सदस्यहरु बिध्यालाल प्रसाद, रम्भा मिश्रा, नेताहरू सुजित चौरसिया, बृजकिसोर कलवार, राजनरायण मिश्रा, नरेश राम, सत्युग साह, सिकेन्द्र राम, संजय सिह, निकेश महतो, लोकेश कर्ण, तुलसीराम लगायतको सहभागिता रहेको थियो ।

# निकुञ्जद्वारा विद्यार्थीलाई पोशाक वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जद्वारा सञ्चालित पञ्चमूखी मध्यवर्ती उपभोक्ता समितिले ५० जना विद्यार्थीलाई पोशाक वितरण गरेको छ ।
पर्साको जिराभवानी गाउँपालिका वडा नम्बर–१ भवानीपुरमा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा राष्ट्रिय प्रकृति संरक्षण कोषको अक्षय कोषको ब्याज रकमबाट ५० जना विद्यार्थीलाई ट्र्याक सुट वितरण गरिएको हो ।
असहाय बालबालिकाहरुलाई शिक्षाबाट बञ्चित नगरौं भन्ने उद्देश्यका साथ विद्यार्थीहरुलाई ट्र्याक सुट बितरण गरिएको राष्ट्रिय प्रकृति संरक्षण कोष महादेवपट्टीका संयोजक जितेन्द्र प्रसाद यादवले जानकारी दिए । जिराभवानी गाउँपालिका वडा नम्बर–१ का वडा अध्यक्ष रामशरण खवासको प्रमुख आतिथ्यता तथा पञ्चमूखी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष जयचन्द्र दासको सभापतित्वमा सम्पन्न वितरण कार्यक्रममा पर्सा राष्ट्रिय निकुञ्जको गडुवा लाइन सेक्टरका सिनियर गेम स्काउट सञ्जय यादव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरायण भैया, विद्यालयका प्रधानाध्यापक यान बहादुर श्रेष्ठ लगायत स्थानीयहरुको सहभागिता रहेको थियो ।

# माघेसङ्क्रान्ति नजिकिएसँगै तरुल खन्न भ्याइनभ्याइ



**मधेशदृष्टि**
**बरहथवा ।**
माघेसङ्क्रान्ति नजिकिएसँगै सर्लाहीको बागमतीका किसानलाई तरुल खन्न भ्याइनभ्याइ भएको छ । पुसको दोस्रो हप्ता लागिसक्दा सङ्क्रान्तिका लागि तरुल निकाल्ने चटारो बढेको बागमती नगरपालिका–५ टेकानीका तरुल किसान दलबहादुर लुङ्गेलीले बताए । लुङ्गेलीले बागमती खोला बगरमा पाँच कट्ठा खेतमा तरुल लगाउनुभएको छ । चाडबाडको मुखमा मूल्यसमेत राम्रो पाउने भएकाले पुसको तेस्रो हप्तासम्म तरुले बेचिसक्ने योजना बनाएको उनले सुनाए । 'तरुलको मूल्य माघेसङ्क्रान्तिमा राम्रो पाइन्छ ।' उनले भने, 'त्यसकारण पुस २५÷२६ सम्म बेचिसक्ने योजना छ ।' त्यसपछि तरुलले उति राम्रो मूल्य नपाउने उनको अनुभव छ ।

तरुल स्वास्थ्यका हिसाबले चिसो मौसममा उपयोगी रहेकाले यस बेला ब्यापार र मूल्य बढ्ने गरेको छ । बागमती नगरपालिका–५ स्थित बागमती नदी उकास जमिनमा किसानले ठूलो क्षेत्रफलमा तरुलखेती गर्ने गरेका छन् । बालुवा तथा खोलाको पाँगो माटो भएका जग्गामा तरुल उत्पादन राम्रो हुने गरेको स्थानीय किसान हिरालाल मण्डलको भनाइ छ । 'बगरको खेती सुन जस्तै बनेको छ', उनले भने, 'तरुल उत्पादनबाट मनग्य आम्दानी हुन्छ ।'

तरुलखेती गरेका बागमती नगरपालिका–४, जिराएतका किसान विमल खड्काले तरुलको उत्पादन राम्रो हुँदा अन्यबालीभन्दा धेरै आम्दानी हुने गरेको बताए । आफ्नो र ठेक्का गरेर खड्काले पनि एक बिघा बगर खेतमा तरुल लगाउनुभएको छ । केहीमा तरुल उत्पादन राम्रो भएको र केहीमा बिग्रिएको उनको भनाइ थियो । यहाँका किसानहरूले आकासे र पताले गरी दुई जातको तरुल उत्पादन गर्ने गरेका छन् । आकासे अर्थात् सेतो तरुल कम स्वादिलो हुने धेरै उत्पादन हुने तथा मूल्य केही कम हुने गरेको बागमती–४ जिरायतका तरुल व्यापारी राम दरेस महतोले बताए ।

अर्को पताले अर्थात् रातो जातको तरुल भने उत्पादन केही कम हुने खान पनि स्वादिलो हुने भएकाले मूल्यसमेत राम्रो रहेको उनको भनाइ छ । यहाँका किसानले प्रतिबिघा ८० देखि एक सय २० क्विन्टलसम्म तरुल फलाउने गरेका छन् । यस वर्ष छठको समयमा तरुल प्रतिकिलो एक सय २० रुपैयाँसम्ममा बिक्री भएको थियो ।

अहिले बजार मूल्य प्रतिकिलो ५५ देखि ६० रुपैयाँ रहेको तरुल व्यापारी डम्बरबहादुर खड्काको भनाइ छ । यस वर्ष उहाँ २० बिघामा लगाएको तरुल बजार लैजाने योजनामा छन् । उनले आफ्नो र भाडामा गरी २० बिघा बढी खेतमा तरुल लगाएका छन् । जग्गा भाडामा लिदा वर्षको प्रतिबिगाहा ५० देखि ६० हजार रुपैयाँसम्म तिर्नुपर्ने उनको भनाइ छ । तरुल खेती गर्दा प्रतिकठ्ठा बीउ, मलखाद, कामदार गरी आठ हजार रुपैयाँसम्म खर्च हुने गर्दछ । उनका अनुसार तरुल खेतीबाट किसानहरूले प्रतिकट्ठा ३० देखि ४० हजार रुपैयाँसम्म आम्दानी गर्दछ ।

बागमती नगरपालिका कृषि शाखाका अनुसार यस क्षेत्रमा बर्सेनि लगभग तीन सय बिगाहा क्षेत्रफलमा तरुलखेती हुँदै आएको छ । सिँचाइ हुने खेतमा पानी जम्ने जोखिम रहेकाले तरुल उत्पादनका लागि बगर खेत उपयुक्त हुने कृषि प्राविधिकहरू बताउँछन् । बागमती नदी उकास जग्गा तरुल उत्पादनका लागि निकै उपयोगी बनेको छ । केही समयअघिसम्म यसैखेर गइरहेको बगरखेतीमा यतिबेला किसानले सुन फलाइरहेका बागमती नगरपालिका कृषि शाखा प्राविधिक हिमाल शाहीले बताए । खोलाको बगर स्थानीय किसानले प्रतिपरिवार पाँच कट्ठाको दरले भाग लगाएर केही समय ता खेती गर्दै आएका छन् । बगरमा किसानले तरुलसहित मुम्फली, सखरखण्ड, तोरी, मकै, रहरी, परबर, बोडीलगायतको खेती गर्ने गरेका छन् । खेती राम्रो हुने गरेकाले स्थानीयको आयस्तरमा समेत परिवर्तन ल्याएको नगरपालिकाले जनाएको छ । रासस


# Bishnupur Rural Municipality

## Office of the Rural Municipal Executive

**Bishnupur, Saptari**

## Invitation for Electronic Bids(re-bids)

**Second Date of Publication: B.S. 2081/09/22 (6th Jan, 2025)**

1. Bishnupur Rural Municipality, Saptari invites electronic bid from Nepalese eligiblebidders for the following works under National Competitive Bidding procedures.

| S N | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 3/NCB/WORKS/ BRM/081/082 | **Adhuro wada karyalay bhawan nirman karya Musharniya wada num 3** | Nrs. 3,000/- | 1,02,000/- 120 Days | 90 Days |

| | |
|---|---|
| **Deadline for Purchase of Bid Document:** | Before 12:00 afternoon on BS 2081/10/8 (AD 21th Jan 2025) |
| **Deadline for Bid Submission:** | Before 12:00 afternoon on BS 2081/10/8 (AD 21th Jan 2025) |
| **Date, Time and Place of Bid Opening:** | 13:00 PM Onwards on BS 2081/10/8 (AD 21th Jan 2025)) at Bishnupur Rural Municipality, Office of the Rural Municipal Executive, Bishnupur, Saptari |
| **Account Details for Bid Document Purchase(bid doc fee)** | Name of the Bank: Kumari Bank Limited<br>Name of Office: Bishnupur Rural Municipality, Office of the Rural Municipal Executive<br>Office Account no.: 26302472056000006<br>Rajaswa (revenue) Shirshak no.: GA.1.1 ANTRIK RAJASWA KHATA BISHNUPUR |
| **Account Details for Bid Security Deposit:** | Account Name: GA3 DHARAUTI KHATA -BISHNUPUR GAUPALIKA<br>Bank Name: Kumari Bank Limited<br>Bank Address: Bishnupur Rural Municipality,Ward-6<br>Account Number: 2630244205600004 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Bishnupur *Rural Municipality, Office of the Rural Municipal Executive, Bishnupur, Saptari, bishnupursaptari@gmail.com*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Office reserves right to accept or reject any bid or all bids without assigning reasons,Whatever.
6. For any legal Query , contact : 9807345909

**Chief Administrative Officer**


# सार्वजनिक जग्गाको अतिक्रमण हटाइने

**मधेशदृष्टि**
**महोत्तरी ।**
सार्वजनिक पर्ती र नदी उकास जग्गामा अतिक्रमण बढ्न थालेपछि वनसम्बद्ध कार्यालय र सुरक्षा निकायले अतिक्रमण हटाउने अभियान शुरु गरेका छन् । महोत्तरीको बर्दिबास–४ वरडाँडामा तारबार लगाएर व्यक्तिले कब्जा गरेको करिब एक बिघा जग्गा वन सवडिभिजन कार्यालय गणन्ता र सशस्त्र वन सुरक्षा शाखाले तारबार भत्काइ अतिक्रमण हटाएका हुन् । नदी उकास क्षेत्रको जग्गा बर्दिबास–४ का मोहित तामाङले घेराबेरा लगाएका थिए । नदी उकास जग्गा घेरबार गरी टहरा बनाउने, बाली लगाएर कब्जा गर्ने प्रवृति बढेपछि यस्ता जग्गाको पहिचान गरेर अतिक्रमण हटाउने अभियान थालिएको वन सवडिभिजन कार्यालय गणन्ता (महोत्तरी) का वन अधिकृत सिकेन्द्रप्रसाद चौधरीले जानकारी दिए । शनिबार थालिएको यो अभियानलाई निरन्तरता दिइने वन सव डिभिजन कार्यालय गणन्ताले जनाएको छ । 'अहिले अतिक्रमण गर्नेलाई चेतावनी दिइएको छ, यस्तो घटना दोहोरिए वन ऐनअनुसार कारबाही गरिन्छ', उनले भने । बर्दिबास नगरक्षेत्रमा सयौँ बिघा पर्ती र नदी उकास जग्गा छन् । यसै अभियानका क्रममा अतिक्रमणको पहिचान गरी हटाइने वन अधिकृत चौधरीको प्रतिबद्धता छ । यस्ता जग्गामा वृक्षरोपण गरेर चुरेक्षेत्रमा हरियाली प्रवद्र्धन गरिन पर्ने वातावरणविद्हरुको सुझाव छ । चुरे नजिकका पर्ती, नदी उकास र भिरालो जग्गामा माटो परीक्षणबाट उपयुक्त ठहरिने वृक्षरोपण गरिए भूक्षय न्यूनीकरण हुनसँगै हरियाली प्रवद्र्धन हुने चुरे संरक्षण अभियानमा जुट्दै आएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष चुरे विज्ञ नागदेव यादवको भनाइ छ । रासस

# कलवार कल्याण समितिको अध्यक्षमा शम्भु




**मधेशदृष्टि**
**वीरगंज ।**
कलवार कल्याण समितिको २५ औँ वार्षिक साधारण सभा तथा महाधिवेशन सम्पन्न भएको छ । कलवार कल्याण समिति पर्साले सर्वसम्मत रूपमा नयाँ कार्यसमिति चयन गरेको छ । शम्भु प्रसाद कलवारको नेतृत्वमा गठित कार्यसमिति निर्विरोध निर्वाचित भएको छ । नव निर्वाचित अध्यक्ष शम्भु प्रसाद कलवार, उपाध्यक्ष गजेन्द्र प्रसाद कलवार, सचिव ओम प्रकाश गुप्ता, सहसचिव संतोष कुमार कलवार, कोषाध्यक्ष मीरा जयसवाल, सह–कोषाध्यक्ष लक्ष्मण प्रसाद कलवार लगायत अन्य सदस्यहरूमध्ये १५ जना समितिमा समावेश भएका छन् । यसैगरी कार्यसमिति सदस्यहरूमा रिकेश साह, रूप नारायण प्रसाद, राजकिशोर प्रसाद, रवि कुमार गुप्ता, श्याम कुमार गुप्ता, धरमेन्द्र प्रसाद गुप्ता, रीता देवी, बबीता गुप्ता, पूजा जयसवाल, सुनीता देवी, ब्यूटी जयसवाल रहेका छन् । यस महाधिवेशनले समुदायको सेवामा समर्पित समितिको भावी योजनाहरूलाई थप प्रभावकारी रूपमा अघि बढाउने अपेक्षा गरिएको छ ।

# शीतलहर पीडितलाई सेनाको सहयोग



**मधेशदृष्टि**
**महोत्तरी ।**
मुटु कमाउने जाडोबीच लुगा नभएर कष्ट झेल्दै आएका महोत्तरीको मटिहानी–४ र ९ का दलित परिवारले नेपाली सेनाको सहयोगले न्यानो ओढ्ने पाएका छन् । दुवै बस्तीका एक सय २३ परिवारलाई सेनाको परिकौली (महोत्तरी) स्थित गोरखनाथ गण ब्यारेकले ओढ्ने मण्डी (ऊनी कम्बल) शनिबार वितरण गरेको हो । शीतलहरको यो राहत पाउने उनीहरु अतिविपन्न मुसहर र डोम समुदायका परिवार हुन् । मटिहानी–८ स्थित श्रीराम माध्यमिक विद्यालय परिसरमा आयोजित कार्यक्रममा गोरखनाथ गणका गणपति प्रमुख सेनानी विनोदविकास पाठक, मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल र जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले सेनाप्रदत्त कम्बल मुसहर र डोम परिवारलाई प्रदान गरेका हुन् । जिल्लामा नेपाली सेनाले प्रत्येक वर्षजसो शीतलहर प्रभावित बस्तीका अतिविपन्न परिवारलाई कम्बल वितरण, चोकचोकमा आगो बाल्ने र बटुवालाई तातो चिया खुवाउने कार्य गर्दै आएको छ । जनताको दुःखमा एकाकार हुन गरिब बस्तीमा कम्बल वितरण गरिएको गणपति प्रमुख सेनानी पाठकको भनाइ छ ।

सेनाले जाडोमा सहयोगका लागि अतिविपन्न बस्तीका दलित परिवार छानेर प्रशंसनीय कार्य गरेको मटिहानी नगरप्रमुख मण्डलले बताए । शीतलहर प्रभावितलाई न्यानो वितरण गर्ने समारोहमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृत, नगरका जनप्रतिनिधि र सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको उपस्थिति थियो । महोत्तरीका सुदूरदक्षिण र मध्यभेगमा पुस तेस्रो साता सुरु भएदेखि नै बाक्लो हुस्सुले ढाकेर चिसो स्याँठ बहने क्रमले सर्वसाधारण अत्यन्त कष्टकर अवस्थामा छन् । यो अवस्थामा सेनाले सराहनीय कार्य गरेको मटिहानी–७ का ९० वर्षीय विन्देश्वरीप्रसाद मण्डल बताउँछन् ।

## सम्पादकीय

# भत्काउनुपर्छ भ्रष्टाचारको जग

साधारणतया भ्रष्टाचार भनेको सार्वजनिक अधिकारको दुरुपयोग गरी व्यक्तिगत लाभ लिने क्रियाकलाप हो । यसले आर्थिक स्रोतहरूको अनियमितता, नीतिगत विचलन र सार्वजनिक सेवामा पारदर्शिताको अभावलाई जनाउँछ । सानो घुसखोरीदेखि ठूला अनियमितता, नीतिगत निर्णयमा प्रभाव पार्ने कार्यहरू र राज्यको सम्पत्तिको दुरुपयोगसम्म भ्रष्टाचारका अनेक रूप यसभित्र पदर्छन् । भ्रष्टाचार प्रायः कमजोर शासन प्रणाली, दण्डहीनता र पारदर्शिताको अभावका कारण हुने गरेको देखिन्छ । सरकारी संयन्त्रमा लामो समयदेखि कायम रहेको कार्यप्रणाली र असक्षम व्यवस्थापनले यसलाई मलजल गरिरहेको छ । कमजोर कानूनी संरचना, प्रभावकारी अनुगमनको अभाव र समाजमा कुस्त कमाएको देखाउनुपर्ने लहड यसका कारक हुन् । मानिसहरू छोटो समयमै लाभ लिन चाहन्छन् र कानूनी कारबाहीको डर कम भएकाले भ्रष्टाचारलाई सहज मानिन्छ। यसबाहेक आर्थिक असमानता र न्यून तलब–भत्ताले पनि कर्मचारीहरूलाई भ्रष्टाचारमा संलग्न गराएको देखिन्छ।

अहिले हामी सबैको सामुन्नेमा खडा भइरहेको गम्भीर प्रश्न हो– नेपालमा भ्रष्टाचार नियन्त्रणमा किन समस्या भइरहेको छ ? यस प्रश्नको उत्तरको खोजी को सँग गर्ने ? नेपालमा भ्रष्टाचारविरोधी गतिविधि र अभियानहरू थुप्रै चलेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता निकायहरू स्थापित भएका छन् । तर प्रभावकारी परिणाम देखिएको भने छैन । किन त त्यस्ता निकायले प्रतिफल दिने हिसाबले आफूलाई क्रियाशील राख्न नसकेका ? यस्ता अंग निर्माण गर्ने राज्य र भ्रष्टाचार नियन्त्रणका लागि गतिलो खम्बा बनेर उभिनुपर्ने पनि राज्य नै हो । तर, के राज्य आफ्नो भूमिकामा इमान्दारीका साथ लागेको छ त ?

ठूला भ्रष्टाचारमा संलग्न व्यक्तिहरू प्रायः राजनीतिक संरक्षण पाउँछन् । कानूनी प्रक्रियामा ढिलासुस्ती र सजायको अभावले भ्रष्ट व्यक्तिहरूको मनोबल बढाएको छ । भ्रष्टाचारविरुद्धका निकायहरू राजनीतिक हस्तक्षेपका कारण स्वतन्त्रतापूर्वक काम गर्न सकिरहेका छैनन् । भ्रष्टाचारलाई सामान्य व्यवहारको रूपमा स्वीकृत गर्ने मानसिकताले पनि यसलाई प्रोत्साहन दिएको छ । सार्वजनिक सेवा र परियोजनाहरूमा पारदर्शिता नहुनुले अनियमितता बढाएको छ । यस्तै, धेरै नागरिकहरू आफ्नो अधिकार र दायित्वबारे अनभिज्ञ छन् । यसले उनीहरूलाई भ्रष्टाचारका घटनाहरूका बारेमा मौन हुने गर्दछन् । यस प्रकार देश हाँक्नेदेखि तल्लोस्तरका मानिस समेतले ठूलो वा सानो आफ्नो हैसियत अनुसारको जे जति दायित्व निर्वाह गर्नुपर्ने हो, त्यो नगर्दा यो समस्या अझै बढ्दैछ।

भ्रष्टाचार कसरी नियन्त्रण गर्न सकिन्छ त भन्नेमा राज्यतह देखि तल भूइमान्छेबीचमा समेत अबका दिनमा बहस छेड्नुपर्छ । भ्रष्टाचारमा संलग्नलाई दण्ड दिने कानूनलाई कडा बनाउँदै, कारबाहीलाई तीव्र र निष्पक्ष बनाउनुपर्छ । ठूला भ्रष्टाचारमा संलग्न व्यक्तिहरूलाई सार्वजनिक रूपमा सजायको उदाहरण दिनुपर्छ । यस्तै, सरकारी सेवा र परियोजनाहरूमा डिजिटल प्रणाली लागू गरी पारदर्शिता बढाउनुपर्छ । सार्वजनिक खरिद प्रक्रिया र बजेट व्यवस्थापनलाई सर्वसाधारणको पहुँचमा ल्याउनुपर्छ । नागरिकहरूलाई भ्रष्टाचारका नकारात्मक प्रभावहरूबारे सचेत बनाउनु आवश्यक छ । शैक्षिक पाठ्यक्रममा नै इमान्दारिता र सदाचारबारे ज्ञान समावेश गर्नुपर्छ । भ्रष्टाचार विरोधी निकायहरूलाई स्वतन्त्रता प्रदान गर्दै राजनीतिक प्रणालीलाई शुद्ध पार्न दलहरूले आन्तरिक सुधार गर्नुपर्छ । सबै नागरिकले आफ्नो जिम्मेवारी वहन गर्दै भ्रष्टाचारका घटनालाई उजागर गर्न हिम्मत गर्नुपर्छ । मिडिया एवम् सामाजिक अभियन्ताहरूले भ्रष्टाचारविरुद्धको आवाजलाई अझ बलियो बनाउनुपर्छ । भ्रष्टाचारविरुद्धको लडाइँ कानूनी,राजनीतिक र सामाजिक सबै तहमा समान रूपमा अघि बढाउन सके मात्रै यसको जग भत्काउन सकिन्छ।

# नेपालमा एम–पक्सको सर्तकता तथा निगरानी



डा.प्रकाश बुढाथोकी

नेपालमा पुनः १८ महिनापछि मङ्कीपक्स देखापरेको छ । तनहुँ स्थायी घर भई पुस ४ गते काठमाडौँ आएका सउदी अरेबियामा कार्यरत ३६ वर्षीय पुरुषमा पुस ५ गते सङ्क्रमण पुष्टि भएको हो । उनको टेकु अस्पतालमा आइसोलेसनमा राखी उपचारपश्चात् डिस्चार्ज भइसकेको छ । पहिलो सङ्क्रमित पुस ३ गते विमानस्थलबाट ट्याक्सी चढेर निजी अस्पताल हुँदै सरकारी सरुवा रोग अस्पताल टेकु पुगे भने अर्का ४४ वर्षीय पुरुष पुस १३ गते एक दिन स्वयम्भुमा आफन्तकहाँ बसी आइतबार टेकु अस्पताल पुगे । उनको उपचार भइरहेको छ। नेपालमा पहिलोपटक एक अस्पतालमा उपचाररत ६० वर्षीया विदेशी महिलाको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको नमुनामा मङ्कीपक्स देखिएको स्वास्थ्य मन्त्रालयले २०८० असार १ गते पुष्टि गरेको थियो।

सन् २०२४ सम्मको अफ्रिकाको प्रतिवेदनमा २० देशबाट करिब ६३ हजार बढी नमुनामा १३ हजार ५७९ बढी पुष्टि, मृत्यु १२ सय बढी छ । सङ्क्रमण तीव्ररुपमा फैलिएपछि अफ्रिकी सीडिसीले गत अगष्ट १२ मा जनस्वास्थ्य सङ्कटकाल तथा विश्व स्वास्थ्य सङ्गठनले अगष्ट १४ मा विश्व स्वास्थ्य आपत्काल (पिएचआइसी) घोषणा गरेको थियो। एम–पक्स हाम्रा लागि नयाँ मानिए पनि विश्वमा पहिलेदेखि नै छ। अफ्रिकी महादेशमा दशकौं अगाडिदेखि नै देखिरहेको छ। तथापि विशेष चर्चा सन् २०२२ मा युरोपमा फैलन थालेपछि भएको हो । सन् २०२२ मा विश्व स्वास्थ्य संगठनले विश्वभर ७५ देशमा १६ हजारजनामा भाइरस पुष्टि भएपछि मंकी–पक्सलाई विश्वब्यापी जनस्वास्थ्य आपतकाल घोषणा गरेको थियो। हाल मंकी–पक्सलाई एम–पक्सको नामले सम्बोधन गरिन्छ।

सन् १९५८ मा पहिलोपटक पश्चिम अफ्रिकाको डेनमार्कमा एक दुर्गम भेगमा एक बन्दी बाँदरमा फेला परेको थियो । त्यसपछि अफ्रिकामा विभिन्न प्रकारका लोखर्के, मुसा, न्याउरी मुसा र विभिन्न प्रजातिका बाँदरमा सङ्क्रमण पाइएको थियो। मानिसमा भने पहिलोपटक सन् १९७० मा अफ्रिकी मुलुक कङ्गोमा नौ महिने बालकमा पुष्टि भएको थियो । त्यतिबेला यो रोग १० अफ्रिकी मुलुकमा फैलिएको थियो । सन् २००३ मा आयातित कुकुर हुँदै अमेरिकामा फैलिएको थियो । एसियामा सर्वप्रथम सन् २०१९ मा सिंगापुरमा नाइजेरियाबाट आएका ब्यक्तिलाई मंकी–पक्स देखिएको थियो । बाँदरबाट मानिसमा मात्र नभई मानिसबाट मानिसमा सर्न थालेको, धेरैलाई निदान गर्न कठिन भएको, खोप नभएको, सङ्क्रमण तीव्र फैलिँदै गएको तथा अहिलेसम्म सङ्क्रमण नदेखिएका देशमा समेत २१ दिनभित्र देखिनसक्ने भएकाले स्वास्थ्य आपत्काल घोषणा गरिएको सङ्गठनले बताएको छ । सन् २०२२ जुलाईमा युरोप, अमेरिकालगायत देशमा तीव्र रुपमा फैलिई ११० देशमा ८७ हजार बढी सङ्क्रमित र १४० जनाको ज्यान गएको थियो । हालसम्म भारत, नेपाललगायत ११६ देशमा यो रोग देखा परिसकेको छ ।

**के कारणले हुन्छ ?**

मङ्कीपक्स भाइरसका क्लेड एक–दुई गरी दुई प्रजाति छन्, यसमा क्लेड–१ बढी सङ्क्रामक र घातक छ। सन् २०२२ मा क्लेड–२ भेरियन्टको सङ्क्रमण ७० बढी देशमा फैलिदा एम–पक्सलाई जनस्वास्थ्य सङ्कटका रुपमा घोषणा गरेको थियो । अफ्रिकामा देखिएको भेरियन्ट क्लेड–१ हो, जुन समुदायस्तरमै छ तर हाल फैलिएको नयाँ प्रजाति क्लेड–१ बी सङ्क्रमितहरुमध्ये १० प्रतिशत बढीको मृत्यु हुने गरेको तथ्याङ्क छ । विश्व स्वास्थ्य सङ्गठनले एउटा बिरामीलाई समेत गम्भीर मानेको छ । मध्य एवं पश्चिमी अफ्रिकी देशको जङ्गली स्थानमा पाइने बाँदरबाट मानिसमा सरेकाले मङ्कीपक्स नामकरण गरिएको हो।

**लक्षण कस्तो हुन्छ ?**

सामान्यतः सङ्क्रमण भएको २१ दिनपछि ज्वरो आउने, ज्वरो सुरु भएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतालामा डाबर देखा पर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांशपेसी दुख्ने र शरीरका ग्रन्थीहरु बढ्ने गर्छन् । सङ्क्रमणबाट भएको घाउ १४ देखि २१ दिनसम्म रहने र त्यसपछि सामान्यतः आफैँ हराउँछ । बिबिराको प्रकृति चिकनपक्स अर्थात् ठेउला र भिरगीसँग मिल्दोजुल्दो छ।

सङ्क्रमण भएको एकदेखि २१ दिनसम्ममा एम–पक्सको लक्षणहरु देखिने गर्छ र दुईदेखि चार हप्तासम्ममा अधिकांश सङ्क्रमितले स्वास्थ्य लाभ गरिसक्छन् । 'न्यु इङ्लैण्ड जर्नल अफ मेडिसिन'मा प्रकाशित अनुसन्धानमा सङ्क्रमितहरुमध्ये सबैभन्दा बढीमा शरिरको बिशेषत गुप्ताङ, मलद्वारमा घाउ, पानीका फोकाहरु देखिएको छ । लक्षण १४ देखि २८ दिनसम्म रहनसक्छ र पछि सामान्यतः आफैँ हराउँछ । एक व्यक्तिबाट अर्को व्यक्तिमा लक्षण देखिने अवधि दुईदेखि तीन सातासम्म रहन्छ । सङ्क्रमितमध्ये १० प्रतिशतमा स्वास्थ्य जटिलता भएर मृत्यु हुनसक्छ। गर्भवती, बालवालिका र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरुमा जटिलता हुनसक्छ । सम्भावित जटिलताहरुमा आखामा सङ्क्रमण र दृष्टि गुम्नु, अन्य जीवाणुको सङ्क्रमण, निमोनिया, मस्तिष्क ज्वर, गर्भ खेर जाने र मृत्यु पर्दछन् ।

सङ्क्रमण घातक देखिने वर्गमा बच्चा,दीर्घकालिन रोगी, शरिर कमजोर भएका व्यक्ति पर्दछन्। पछिल्लो समय शारिरीक क्रियाकलापमा लागेका मानिसमा रोग देखिने गरेको छ र यौनरोगसँग सम्बन्धित भनेर पनि लिन सकिन्छ । पछिल्लो समयमा पुरुष समलिङ्गी समूहमा एउटा मात्रै घाउ दिसा गर्ने भागमा वा लिङ्गमा बिबिरा वा पानीको फोकाजस्तो बिबिरा गुप्ताङ्ग देखिएको छ । यसले सङ्क्रमण भएको स्थानबाट आएको व्यक्तिसँग सम्पर्कमा आउँदा वा नजिकको सम्बन्ध बनाएकोमा एउटा मात्र घाउ, बिबिरा आउँदा पनि एम–पक्स हुनसक्छ।

**सर्ने माध्यम के के हुनसक्छ ?**

सम्पर्कमा आएका ५० जनामध्ये एक जनामा सर्ने यो रोग अन्य सङ्क्रामक रोग तथा बिबिरा ठेउला र भिरिङ्गीको बिबिरासँग मिल्दोजुल्दो भएकाले स्वास्थ्यकर्मी झुक्किने सम्भावना बढी छ । रोग सङ्क्रमित व्यक्ति वा पशुसँग नजिकको सम्पर्कमा आउँदा तिनीहरुको थुक, ¥याल, घाउ, खटिरा, शरिरबाट निस्कने तरल पदार्थ, दूषित सतह र मांशपेसीबाट सर्ने गर्दछ । भाइरस स्वासनली, आँखा, नाक वा मुख काटिएको, टोकिएको वा फुटेका छालामार्फत पनि सर्नसक्छ । यस्तै बाँदर,मुसा लोखर्केलगायतका जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट पनि सर्न र फैलिन सक्छ। सङ्क्रमितसँगको यौन सम्पर्कबाट पनि सर्नसक्छ । तथापि बिर्यबाट सर्ने प्रमाणित भईसकेको छैन । गर्भवतीमा गर्भबाट बच्चामा सर्नसक्छ । फोका, लुगाफाटोलगायतमा सङ्क्रमणहुँदा सर्ने जोखिम बढी रहन्छ । बिफरकै समूहमा पर्ने मंकीपक्स सङ्क्रमित व्यक्तिको घाउ, हाच्छिउँका छिटा र थुक पनि सार्ने माध्यम भएकाले सजिलै एकबाट अर्कोमा सर्नसक्छ । तरल पदार्थ स्वासनली, आँखा, मुख वा नाकबाट छिर्नसक्छ । पानीका फोका देखिएर अस्पताल पुग्ने चलन नभएकाले सर्ने माध्यमका बारेमा जानकारी दिई फैलन नदिने नै राम्रो हो । कोभिडजस्तो छिटै सर्ने र घातक नभएकाले आत्तिहाल्नु पर्देन।

धेरैजसो लक्षणबाट त्यो बाहेक छालाको जाँच र फोकाको पीसीआरबाट पत्ता लगाइन्छ । फोकाबाट लिइएको नमुनाको मन्किपक्स भाइरल पोलिमरेज चेन रिएक्सन—पीसीआरबाट रोगको निदान गरिन्छ । नमूना छाला, तरल पदार्थ क्रस्ट वा बायोप्सीबाट निकालिन्छ । एन्टिजेन र एन्टिबडी परीक्षणले अर्थोपक्स भाइरसबीचको फरक पत्ता लगाउन नसक्ने भएकाले उपयोगी हुँदैन।

**उपचार तथा रोकथाम के हो त ?**

धेरैजसो मानिसमा यस्ले कुनै जटिलता नल्याउने र दुईदेखि चार हप्तामा आफैँ निको हुन्छ । तथापि, बच्चा, बृद्धबृद्धा र दीर्घरोगीलाई भने च्याप्ने र छाला, आँखा तथा अङ्गको सङ्क्रमण, निमोनिया, इन्सेफलाइटिस जस्ता जटिलता ल्याउने गर्छ । रोगको मृत्युदर शून्यदेखि ११ प्रतिशत छ । सिकिस्त बिरामीका लागि एन्टिभाइरल औषधि टेकोभिरिम्याट पनि उपलब्ध छ।

कोरोना सङ्क्रमणमा अपनाइएका मास्कको प्रयोग, हावा ओहरदोहर गर्ने स्थान, साबुनपानीले हातको सरसफाइजस्ता स्वास्थ्य मापदण्ड पालनालाई निरन्तरता दिनपर्छ । सङ्क्रमितले प्रयोग गरेका लुगाफाटा, बिछयौनालाई निसङ्क्रमित गरेर मात्र अन्यले प्रयोग गर्नपर्छ । सन् १९८० मा उन्मुलन भएको बिफरका लागि प्रयोग हुने खोप मंकीपक्समा ८५ प्रतिशत प्रभावकारी रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । सङ्क्रमण भएको चार दिनभित्र खोप लिन सकिन्छ र चारदेखि १४ दिनभित्रमा खोप दिनसके सङ्क्रमणको जटिलतालाई धेरै हदसम्म कम गर्न सकिन्छ । बिफरको एन्टिभाइरल औषधि प्रयोग गर्न सकिने भए पनि सजिलै उपलब्ध छैन र खोप नै सफल मानिन्छ।

बिफर उन्मुलन भइसकेकाले त्यसको खोप बिश्वमा पाउन गाहे छ । बजारमा पर्याप्त मात्रामा नभए पनि अन्कारा नामक खोपको दुई मात्रा लगाउन सकिन्छ । यो खोप सन् २०१९ देखि अमेरिका, क्यानाडा युरोपमा मान्यता प्राप्त छ । उच्च जोखिममा भएका स्वास्थ्यकर्मी, ल्याबमा काम गर्नेले खोप लगाउँदा हुन्छ । बिगतदेखि नै समलिङ्गी बढी सङ्क्रमित छन् । बिफरको खोपले मुटुको मांशपेसी सुजन, रोग प्रतिरोधात्मक क्षिमता दबाउने, एचआइभीजस्ता रोग लागेकालाई पनि जोखिम छ भने एक्जेमाका बिरामीलाई प्राणघातक छ । नयाँ पुस्ताका खोप जिन्नेइओसजस्ता खोप ठूला समूहलाई दिन सुरक्षित छन् । तथापि, अहिलेका लागि सङ्क्रमण रोक्न रिङ्ग भ्याक्सिनेसन नै पर्याप्त छ । हाल प्रयोगमा आइरहेको एम पक्स भाइरसको सक्रिय भाइरस प्रयोग भएकाले एसिएएम २००० नामक खोपले इम्युनोकम्प्रोमाइज्ड ब्यक्तिमा प्रयोगमा नल्याउन सिडिसीले अनुरोध गरेको थियो । निस्क्रिय भाइरस प्रयोग गरिएको कम असर हुने जेन्नोइज नामक खोप पनि उपलब्ध छ।

रोकथामका लागि स्मलपक्स सङ्क्रमणविरुद्ध प्रयोगमा ल्याइएको एसिएम २०० र जेनिओज नामक खोप हाल प्रयोगमा ल्याइएको छ । सामान्यतया बिफर उन्मलन भइसकेपछि उपचारका लागि तयार पारिएका खोप र औषधिलाई जैविक हतियारको रुपमा प्रयोग गर्न सरक्षित राखिएको थियो । सिडिसीले बिफरको उपचारमा प्रयोग गरिने दुई एन्टिभाइरल औषधि टिपीओएक्स र सिडोफोभिर मंकीपक्सविरुद्ध प्रयोग गर्न अनुमति समेत दिएको छ । कुनै खोप नभए पनि बिफरको खोप ८५ प्रतिशत प्रभावकारी हुने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

असुरक्षित यौन सम्पर्कबाट पनि सरेकाले कण्डम प्रयोग गर्न र यौन साथीहरु परिवर्तन गरेकामा लक्षणहरुमा ध्यान दिनपर्छ । भाइरस बोक्नसक्ने जनावरहरु, बिरामी वा मरेका जनावर, बादर, मुसाजस्ता सङ्क्रमणको इतिहास भएकाहरुको सम्पर्कमा आउनु हुँदैन । संदिग्ध जनावर वा मानिससँग सम्पर्कमा आएपछि स्यानिटाइजर वा साबुनपानीले हात धुने गर्नपर्छ । सङ्क्रमित वा संदिग्धको हेरचाह गर्दा पीपीई लगाउने, राम्रोसँग पकाएको मासु मात्र खाने र मङ्कीपक्स सतह र सामग्रीमार्फत पनि सर्नसक्ने भएकाले बिरामी ब्यक्ति वा जनावरको सम्पर्कमा रहेका सामग्रीहरु छुनु हुँदैन।

विश्वभर मानव आवतजावत कायम रहेकाले रोकथाम सजिलै होला जस्तो पनि देखिदैन । त्यसैमा नेपाल ट्रान्जिट प्वाइन्ट र आवतजावतले निरन्तरता पाइरहेकाले उच्च जोखिममा रहेको हो । सङ्क्रमणङफैलिएका देशबाट आउने तथा पर्यटकको आगमनमा पनि बढोत्तरी नै छ । विदेशबाट आएकालाई कम्तिमा दुईदेखि तीन हप्ता क्वारेन्टाइनमा बस्ने भने पनि कार्यान्वयनमा छैन । सम्भावित जोखिम भएका देशबाट आउनेमाथि निगरानी राख्ने र क्वारेन्टिनमा राख्नपर्छ । सङ्क्रमितलाई तीन हप्ता आइसोलेसनमा राखी कन्ट्याक्ट ट्रेसिङ अनिवार्य गर्नपर्छ । संक्रमितलाई २१ दिन आइसोलेसनमा राख्नुपर्छ । मंकीपक्सको सङ्क्रमण पुष्टि भई बिरामी भएका वा मरेका जनावरको सम्पर्कमा नजाने, सङ्क्रमितको सम्पर्कमा आएकाले परीक्षण गर्ने, सम्पर्कमा आएको सतह, स्थान वा कोठा निसङ्क्रमण गर्ने, मासुजन्य खानेकुरा राम्ररी पकाएर मात्र खाने तथा फोहरलाई उचित स्थानमा व्यवस्थापन गर्नपर्छ।

अन्तमा, सरकारले निगरानी, फोकल अस्पताल र व्यक्ति, परीक्षण, परामर्श र उपचारको व्यवस्था गरेको छ । तथापि, आम नागरिक जिम्मेवार नहुँदा सरकारको तयारी मात्र पर्याप्त हुँदैन । तसर्थ, ज्वरो आएको तीन दिनभित्र अनुहार, हत्केला र पैतालामा डाबर देखिए स्वास्थ्य मन्त्रालयको हटलाइन १११५ मा जानकारी गराउनपर्छ। एमपक्सको शङ्का वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने, सङ्क्रमित व्यक्तिलाई घर वा अस्पतालमा आइसोलेसनमा राख्ने, सङ्क्रमित व्यक्तिको हेरचाह गर्नेले पूर्णरुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने, घाउसँग प्रत्यक्ष सम्पर्क हुनसक्ने जोखिममा पञ्जा लगाउने, नियमित रुपमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, सङ्क्रमितका लुगा, तौलिया, ओछयान, भाडाहरु तातोपानी, साबुन, डिटरजेन्टले धुने गर्नपर्छ । रासस

# मान्छेबेगरका घरहरू



–मधु शाही

छेवैको घर जीर्ण छ । आँगन घाँसेमैदानजस्तै बनेको छ । भत्किन लागेको ढोकामा ताल्चा झुन्डिएको छ । 'मान्छेबेगरको घर यस्तै त हुन्छ नि ! बेवारिसेझैँ', छिमेकीविहीन घर देखेर लमजुङको राईनास नगरपालिका–१० बोराङकी ८७ वर्षीया रमादेवी न्यौपानेलाई उदेक लाग्छ।

उनको घर दायाँबायाँ, जहाँ त्यहीँ फर्किंदा उस्तै जीर्ण र छिमेकीबेगर घर छन् । रमादेवी अहिले लगभग छिमेकीविहीनजस्तै छिन् । उनको घरवरिपरिका झन्डै १५ घरमा ताल्चा झुन्डिएको छ । घरधनी सहरतिर छन् । गाउँमा मान्छे पलायन हुँदै गएको देख्दा अचेल बोराङ टोलभरिकै उमेरले पाकी रमादेवीको मन अत्तालिन्छ।

उनलाई गाउँ रित्तिँदै गएकामा चिन्ता लाग्छ । किनभने त्यो गाउँसँग उहाँको बाल्यकालदेखि बुढौलीसम्मकै प्रगाढ सम्झना छ । 'बालखैमा बिहे गरेर आएको गाउँ हो । यहाँ पहिला कति रमाइलो हुन्थ्यो । अहिले कस्तो भयो,' उनी भन्छिन्, 'हराउँदै गयो गाउँको रौनक ।' बिहे भएर आएदेखिको उनको मानसपटलमा पुरानो गाउँ अझै फनफनी घुम्छ, अतित बनेर।

'कच्ची बाटो पारि र वारि दुवैतिर घनाबस्ती थियो,' उनी गाउँको विगत स्मरण गर्दै भन्छिन्, 'अहिले घरहरू छन्, बस्ने कोही छैनन् । सबै सहरतिर लागे । सुख र सुविधाले त्यति तान्यो ।' छोराबुहारीको साथमा घरमै बस्न पाए पनि रमादेवीलाई सुनसान गाउँको अवस्थाले मन पोल्छ । अझ बढी त करेसाबारीमा फलफूल फल्दा टिपेर खाइदिने चकचके केटाकेटी नहुँदा उहाँलाई खल्लो लाग्छ । कुनै समय थियो । 'गाउँभरका चकचके केटाकेटीले बोटमा बतिला नलाग्दै फलफूल टिपेर बिठ्याइँ गरिदिन्थे,' उनको स्मृति बग्दै गयो, 'उति वेला लट्ठी लिएरै भुराभुरी लखेट्दै दौडिनुपर्थ्यो । अहिले चरा र बाँदरले खाएर रित्याउँछन् । मान्छे भेटिँदैनन् ।'

लमजुङको राईनास नगरपालिका–१० बोराङलाई न्यौपाने टोल पनि भनेर चिनिन्छ । किनभने त्यहाँ तीन घर अधिकारीबाहेक प्रायः सबै न्यौपाने थरका छन् । अधिकांश शिक्षक पेसामा आबद्ध टोल भएकाले यस गाउँको अर्को नाम मास्टरटोल पनि हो । 'यहाँका अधिकांश बुबाहरू शिक्षक पेसामै आबद्ध भए भने छोराछोरी केहीले यही शिक्षण पेसा अपनाएका छन्,' रमादेवीका छोरा राममणि न्यौपानेले बताए।

उनी गाउँकै महेन्द्र प्राथमिक विद्यालयको प्रधानाध्यापक हुन् । उनका अनुसार टोलमा ५५ घरधुरी छन् । यसमध्ये मुस्किलले २६–२७ घरमा मात्रै घरमूली बसोबास गर्छन् । अरू अधिकांश सहरतिरै त कोही विदेश पलायन छन् । शिक्षकहरू जन्माएको थलोप्रति राममणिलाई जति गर्व अनुभूति छ, त्यससँगै हाल आफ्नै विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएकामा पीडा उत्तिकै छ । पाँचजनाको शिक्षक दरबन्दी घटेर अहिले दुईजनामा सीमित हुनुपरेको छ।

कक्षा शिशुदेखि कक्षा पाँचसम्म जम्मा १७ जना विद्यार्थी पढ्न आउँछन् । त्यसमा पनि बोराङटोलको एकजना मात्रै विद्यार्थी पढ्छन् । 'गाउँमा अभिभावक नै नभए पनि पढ्न आउने केटाकेटी कहाँ पाउनु ?' उनी भन्छन् । अझ भनौँ कहिलेकाहीँ विद्यार्थी विद्यालय नआइदिएर कक्षा रित्तै हुने गर्छ । राममणिका अनुसार गाउँमा स्वास्थ्य सेवा, खानेपानी, यातायातलगायतका भौतिक पूर्वाधार सुविधाको अभावले गर्दा घरहरू रित्तिँदै गएको हो । यसले टोलको विकाससहित विद्यालयको पठनपाठनमा समेत असर गरेको छ।

राईनास नगरपालिका– १० मा प्यारजुङ, लामा गाउँ, सिमघारी, पात्लेपानी, कत्रेनी, बोराङलगायत टोल छन् । टोलैपिच्छे मौरीपालन, तरकारी खेतीजस्ता उत्पादन र उद्यमशील काम भएका छन् । यद्यपि, पालिकाले योजनाबद्ध ढंगमा आधुनिक खेती बसाउने र रोजगारोन्मुख कार्ययोजनामा खासै चासो नल्याएको हुँदा स्थानीय सहरमुखी हुन थालेको बताउँछन् । बस्तीमा मान्छे बस्न छाडेपछि प्रेम न्यौपानेको मनोबल कमजोर हुँदै गएको अनुभव सुनाउँछन् । 'छरछिमेकी हुँदा गाह्रोसाह्रो परेको वेला सहयोगी हात हुन्थे,' उनी भन्छन्, 'अहिले बिरामी भइयो भने छिमेकी गुहार्ने पनि ठाउँ छैन ।'

गाउँका युवा पुस्ताहरू रोजगारी र शिक्षा आर्जन गर्नका लागि सहर पसेका छन् । चाडपर्वमा घर सम्झेर एकाध परिवार आउँछन्, नभए वर्षौंदेखि घरले स्याहार नपाएको स्थानीयले बताए । प्रेमका छिमेकी हुन्, विजयराज, दामोदर, अर्जुन । उनीहरू तीनजनाको घरमा ताल्चा छ । रोजगार र छोराछोरी पढाउन काठमाडौं पसेका छिमेकी उतै बसेको प्रेम बताउँछन् । मेरोवरिपरि सबै घरमा ताला लागेको छ । 'छिमेकी नहुँदा निकै नियास्रोको महसुस हुन्छ,' उनी भन्छन्, 'गाउँका टाठाबाठा मान्छेहरू नै सहर पसेपछि गाउँको विकास हुने कुरै भएन ।'

गाउँको छेउमै चौतारा छ । चौतारा अचेल पहिले जस्तो भरिभराउ हुँदैन । ७२ वर्षे स्थानीय विष्णुहरि न्यौपानेले अब बुढाबुढीपछि पुर्ख्यौली घर कसले धान्ला भन्ने चिन्ताले सताउन थालेको बताउँछन्।

उनको ठुलो छोरो चितवन रोजगारका सिलसिलामा उतै छन् । माइलो र कान्छो काठमाडौंमा छन् । सुविधा न भएको गाउँमा नबस्नु सहरतिरै आउनु भनेर छोराहरू जोड गरे पनि जन्मेको थलो छोड्न मन नलाग्ने गरेको उनले सुनाए । 'हामी चिसो छल्न गाउँ आएका । होइन भने प्रायः काठमाडौंतिर बस्छौँ,' उनले भने, 'किन बस्ने गाउँमा भो अब दुःख गर्नुपर्दैन भन्छन् छोराहरू ।'

बिरामी परेको वेला सिटामोलसमेत पाउन मुस्किल हुने गाउँको दुःख सम्झिँदा विष्णुहरिले गाउँको माया गर्ने आदर्श भाव ओझेल पर्दै गएको बताउँछन् । उनले भनेजस्तै गाउँमा बस्न सजिलो भने पक्कै छैन।

जति हेर्दा क्षणभर रमाइलो लाग्छ, त्यहाँ सुविधायुक्त जीवन बिताउन चुनौतीपूर्ण छ । ६८ वर्षे डिल्लीराम न्यौपानेले गाउँका अनेक दुःखलाई बेलिबिस्तार लाए । उनको पुर्ख्यौली जिउने आधार खेती किसानी हो । सकी–नसकी लगाएको बाली बाँदर, मृग, दुम्सीजस्ता जनावरले एकैछिन सखाप पारिदिन्छन् । 'अन्न लगायो बाँदरलाई, बाख्रा पाल्यो बाघलाई,' उनी किसानले भोग्नुपरेको पीडा सुनाउँछन्, 'के खाएर बस्ने हो यो गाउँमा ? अनि सहर नपसे के गर्ने ?'

लालीगुँरास आमा समूहकी अध्यक्ष राजुकुमारी न्यौपानेका अनुसार गाउँमा स्थानीय टिकाउनका लागि स्थानीय सरकारले खासै कुनै पनि योजना ल्याएको छैन । रोजगारको अभाव, उद्यमशीलताका आधारहरू नहुँदा युवा पलायन भएका छन् । यति मात्रै होइन, बुढापाका पनि छोराछोरीसँगै सहर पस्न थाले । यसले गर्दा गाउँ सुनसान हुँदै गएको उनले सुनाइन्।

उनका अनुसार मान्छे नै नरहे स्थानीय क्षेत्रको विकासको आधार हराउँछ । गाउँमा मान्छे टिकाउन ग्रामीण योजना ल्याउन अति आवश्यक रहेको उनको बुझाइ छ।

सामुदायिक सिकाइ केन्द्रमा आबद्ध रहेकी स्थानीय विमला अधिकारी न्यौपानेले कृषिमा आधुनिकीकरण गर्ने र स्वास्थ्य, खानेपानी बाटोघाटोको सुविधा विस्तार गर्न सके न्यौपानेगाउँ स्वर्गजस्तै रहेको बताउँछिन्।

धुलो–धुवाँदेखि पर रहेको गाउँ प्राकृतिक हिसाबले जति सुन्दर छ, उति नै पर्यटकीय दृष्टिले आकर्षित छ । परम्परागत रूपमा धान, गहुँ, मकै खेती गर्दै आएका यहाँका किसानका अहिले अधिकांश जग्गा बाँझै छन् । 'खेती गर्ने बुढापाका छन्, सक्ने गर्छन् नसक्नेको बाँझै रहन्छ,' विमला भन्छिन्, 'कृषिमा आधुनिकीकरण गर्न सके पनि आयआर्जनमा धेरै राहत हुन्थ्यो ।' रासस

# मानव सेवाभन्दा ठूलो अर्को धर्म छैनः राष्ट्रपति

**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले मानव सेवाभन्दा ठूलो अर्को धर्म नभएको बताएका छन् । मानवसेवा आश्रमको वृत्तचित्र प्रस्तुति कार्यक्रममा राष्ट्रपति पौडेलले मावन सेवा जस्तो सत्कार्यले मानव जीवनलाई सार्थक बनाउने भएकाले यसलाई हाम्रो जीवन पद्धतिका रुपमा अपनाउनुपर्नेमा जोड दिएका छन् ।
मानवता र नैतिकतामा सङ्कुचन देखिँदै गरेको अहिलेको हाम्रो समाजलाई सही बाटोमा हिँडाउन मानव सेवाले प्रेरित गर्ने उनको भनाइ थियो । राष्ट्रपति पौडेलले मानव सेवा आश्रमले आफ्नो स्थापनाकालदेखि नै 'जसका कोही हुँदैनन् र जसको कोही हुँदैन उनैको सेवामा समर्पित हुने'मानवता प्रवर्द्धन महाअभियानमार्फत सहयोगापेक्षी सडकआश्रित मानवहरूको मानवोचित व्यवस्थापनसहित औषधोपचार, पालनपोषण र जीवन रक्षाका लागि देखाएको सक्रियता सबैका लागि प्रेरणादायी भएको बताएका छन् ।
आर्थिक वर्ष २०८१÷८२ को नीति तथा कार्यक्रममार्फत नेपाल सरकारले लिएको सडक मानवको उद्धार, संरक्षण र पुनःस्थापनामा संलग्न सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइने नीतिलाई मानवसेवा आश्रमले सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल घोषणा तथा कार्यान्वयन गर्ने प्रतिबद्धतासहित आफ्ना गतिविधि केन्द्रित गरेर कार्यान्वयनमा सहयोगी बनेको राष्ट्रपति पौडेलको भनाइ थियो ।
त्यस अवसरमा तेस्रो मेचीकाली राष्ट्रिय उद्धार यात्रा, २०८१ सम्बन्धी वृत्तचित्र प्रस्तुत गरिनुका साथै यात्राका मुख्य अभियान्ता मानव सेवा आश्रमका अध्यक्ष रामजी अधिकारी र उपाध्यक्ष होमनाथ खतिवडालाई राष्ट्रपतिले सम्मान गरेका थिए । आश्रमका अध्यक्ष अधिकारीले यात्राको प्रतिवेदन प्रस्तुत गरेका थिए । रासस

# रास्वपाद्वारा 'संविधान परिमार्जन सुझाव कार्यदल' गठन



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) प्रमुख सचेतक सन्तोष परियारको संयोजकत्वमा 'संविधान परिमार्जन सुझाव कार्यदल' गठन गरेको छ । यो कार्यदलले सात वटै प्रदेशमा आवश्यक छलफल गर्ने र सबै सम्बन्धित साझेदार तथा संविधानविद्सँग छलफल गरेर दलको तर्फबाट सार्वजनिक धारणा बनाउने पार्टीले जनाएको छ ।
कार्यदलमा कान्तिशिखा धिताल, डाक्टर नन्दन यादव, गणेश कार्की, सोभिता गौतम, असिम साह, डाक्टर तोसिमा कार्की, डाक्टर अच्युतम लामिछाने र मेघ आले रहेका छन् । साथै यो कार्यदलले सात वटै प्रदेशमा गर्ने छलफल कार्यक्रमको संयोजक सोही प्रदेशका पार्टी सभापति रहनेछन् । रासस

# 'दलित समुदायको उत्थानका लागि योजना बनाउनुपर्ने'

**मकवानपुर ।**
बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले दलित समुदायको उत्थानका लागि राज्यले ठोस योजना बनाएर कार्यान्वयन गर्न जरूरी रहेको बताएका छन् ।
राष्ट्रिय दलित आयोग बागमती प्रदेशले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०÷०८१ को प्रगति प्रतिवेदन ग्रहण गर्दै आइतबार उनले दलित तथा सीमान्तकृत समुदायका सवाल र समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउने बताए ।
प्रदेश प्रमुख देवकोटाले राज्यको मूलधारमा दलित समुदायको प्रतिनिधित्व बढाउन आवश्यक कार्यक्रम तय गर्न प्रदेश सरकारसँग पनि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
आयोगका प्रवक्ता सुन्दर पुर्कुटीले नेपालको संविधानको धारा २९४ (३) बमोजिम प्रदेश प्रमुख देवकोटासमक्ष प्रतिवेदन पेस गरेका थिए । उनले प्रतिवेदनमा आयोगका वार्षिक कार्यक्रम, सिफारिस, सुझाव र तिनको कार्यान्वयनको अवस्था, अवसर, चुनौती र आगामी कार्यदिशालगायत विषय समेटिएको बताए ।
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताअनुसार सरकारले नीति, कानुन, रणनीतिक योजना, कार्यक्रम र बजेटमा समेट्न नसकेका विषयमा समेत प्रतिवेदनमार्फत ध्यानाकर्षण गराइएको उहाँले जानकारी दिए ।
राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशमा दलित समुदायको जनसङ्ख्या तीन लाख ५९ हजार पाँच सय ११ जना रहेको छ । रासस

## ओलीको राजनीतिक प्रतिवेदनः

# अर्थतन्त्रमा सुधार अपेक्षित गति लिन नसकेको स्वीकार

काठमाडौँ ।
प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकार गठन भएयता मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार भइरहेको बताएका छन् ।
एमाले केन्द्रीय कमिटीको आइतबारको बैठकमा अध्यक्ष ओलीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा उनले देशको अर्थतन्त्रमा सुधारमा सकारात्मक सङ्केत देखिए पनि त्यसले अपेक्षित गति लिन नसकेको उल्लेख गरेका छन् । राजनीतिक स्थायित्व र सबल सरकार गठनसँगै निजी क्षेत्रको विश्वास बढेको, राजस्व, निर्यात, र पुँजीगत खर्चमा वृद्धि भएको तथा पुँजी बजारमा सुधार आएको प्रधानमन्त्रीले प्रतिवेदनमा उल्लेख गरेका छन् ।
पहिलोपटक देशको सार्वभौम 'क्रेडिट रेटिङ'बाट हाम्रो राष्ट्र दक्षिण एसियामा भारतपछिको दोस्रो लगानीयोग्य मुलुकका रुपमा परिचित भएको उनले प्रतिवेदनमा उल्लेख गरेका छन् ।
सहकारीका बेथितिलाई सम्बोधन गर्न तथा अनियमिततामा संलग्नलाई कारबाही गर्ने, बचतकर्ताको रकम फिर्ता गर्ने, प्रभावकारी नियमनका लागि प्राधिकरण गठन एवं कानुनी संरचना निर्माणमा आवश्यक प्रयत्न भएको एमाले अध्यक्ष ओलीले बताएका छन् ।
ऊर्जा, व्यापार र पूर्वाधारमा सुधारका प्रयास भएका, किसानका समस्या समाधान, सरकारी सेवा प्रवाहमा क्रमिक सुधार आए पनि ती क्षेत्रमा चुनौती रहेका प्रधानमन्त्रीले औँल्याएका छन् । प्रतिवेदनमा सरकारका प्रयास सकारात्मक भए पनि अपेक्षित विकास र जनअपेक्षा पूरा गर्न थप प्रयत्न गर्नुपर्नेमा जोड दिइएको छ । 'मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै आएको छ । राजनीतिक स्थायित्वको सन्देश र बलियो सरकारको गठनसँगै निजी क्षेत्रमा विश्वास अभिवृद्धि भएको छ । वर्तमान सरकारले अर्थतन्त्रलाई ओह्रालो लाग्नबाट रोकेर क्रमशः सकारात्मक दिशामा अगाडि बढाएको छ । पुँजीबजारमा सकारात्मक सुधार हुँदै आएको छ । गत वर्षको यसै अवधिको तुलनामा राजस्वमा वृद्धि भएको छ, निर्यात तथा आयातमा सुधार भएको छ । पुँजीगत खर्च पनि वृद्धि भएको छ', प्रतिवेदनमा भनिएको छ, 'मुलुकको अर्थतन्त्रमा सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरिएको छ । गत वर्षदेखि सिर्जित भुक्तानी दायित्व लगभग पूरा गरिएको छ । करिब एक दर्जन, नियमावली, कार्यविधि, निर्देशिकालगायत ऐनकानुन पारित भई कार्यान्वयनमा आएका छन् ।'
बिनाअध्ययन साना आयोजनामा छरिएको बजेटलाई राष्ट्रिय गौरवका रणनीतिक आयोजनामा केन्द्रित गर्न र अनुशासित कार्यप्रणाली कार्यान्वयन गर्न मितव्ययितामा जोड दिइएको प्रधानमन्त्रीले उल्लेख गरेका छन् । सरकारले गरेका विभिन्न प्रयासका कारण अर्थतन्त्र गतिशील हुने आधार तयार भएको प्रतिवेदनमा उल्लेख छ । 'अर्थतन्त्रको बाह्य अवस्थामा तुलनात्मक रुपमा अनुकूल अवस्था छ । बैङ्कमा लगानीयोग्य पुँजीको दायरा र विप्रेषण आप्रवाह विस्तार भएको छ । ब्याजदर एकल विन्दुमा झरेको छ । मूल्यवृद्धि र मुद्रास्फीति नियन्त्रणको सीमामा छ', पार्टीको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओलीले भने ।
सहकारीका बेथिति अन्त्यका लागि मुख्य चारवटा कार्य तत्काल गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिएका छन् । 'अनियमिततामा संलग्नहरूलाई बिनामोलाहिजा कारबाही गर्ने, बचतकर्ताहरूको रकम फिर्ता गराउने,सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्न अधिकारसम्पन्न प्राधिकरण गठन गर्ने र भविष्यमा बचतकर्ताहरूको रकम संरक्षणका लागि संरक्षण कोष निर्माण गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्छ', ओलीले भने ।
नागरिकहरूको बचत रकम हिनामिना गर्ने कसैलाई पनि छुट दिनु हुँदैन र दोषीले उन्मुक्ति पाउनु हुँदैन भन्नेमा वर्तमान सरकार स्पष्ट रहेको पनि उनले बताए । 'कतिपय पार्टी या व्यक्तिहरूले चालु अनुसन्धान र अभियोजनलाई राजनीतिकरण गर्ने एवं आफूहरूप्रतिको पूर्वाग्रह या प्रतिशोध करार गर्ने प्रयत्न गरिहेका छन् । तर यस प्रक्रियामा सत्तारूढ पार्टीहरू सम्बद्ध कतिपय व्यक्तिहरू समेत अनुसन्धानमा तानिएको, थुनामा परेको या मुद्दा खेपिरहेका घटनाक्रमले त्यस्तो आरोपलाई मिथ्या प्रमाणित गरिसकेको छ', उनले भने, 'आफूले गल्ती गरिएको छैन भने कोही पनि न्यायिक प्रक्रियाबाट तर्सिनु पर्दैन । गल्ती गरेको भए सडक अदालतले उन्मुक्ति दिन सक्दैन भन्ने कुरा सबैले बुझ्नुपर्छ ।'
हालसम्म सरकारले समस्याग्रस्त घोषणा गरेका २२ वटा सहकारीका ६९ हजार बचतकर्ता मध्येबाट तीनवटा सहकारीका छ हजार बचतकर्ताहरूको करिब एक अर्ब ५५ करोड रुपैयाँ रकम फिर्ता भइसकेको प्रधानमन्त्री ओलीले बताए । उनले अन्य सहकारीका करिब आठ हजार बचतकर्ताको ७० प्रतिशत र दुई हजार बचतकर्ताको ५० प्रतिशत बचत फिर्ता भइसकेको जानकारी दिए ।
अधिक तरल, अस्थिर र अनिश्चयपूर्ण राजनीतिक अवस्थाले मुलुकको विकास निर्माणको काममा गम्भीर व्यवधान पुगेको प्रधानमन्त्रीले प्रतिवेदनमा स्वीकार गरेका छन् । पूर्ववर्ती सरकारको पालामा तस्करी, भ्रष्टाचार र सरकारी रकम अपचलनलाई संरक्षण दिँदा मुलुकमा एक किसिमको समानान्तर अर्थतन्त्र चलायमान भएको, अपेक्षित राजस्व नउठेको, विदेशी अनुदान, सहायता र लगानी अपेक्षा गरिएअनुरुप नभित्रिने स्थिति सिर्जना भएको आरोप पनि प्रतिवेदनमा लगाइएको छ ।
'निर्माणाधीन परियोजना समयमा सम्पन्न नहुने र निर्माण सम्पन्न भएका आयोजनामा निर्माण व्यवसायीहरूले भुक्तानी नपाउने जस्ता बेथिति देखा परे । निश्चित राजनीतिक स्वार्थका लागि जथाभावी योजना थप्दै जाँदा मन्त्रालयहरू त्यस्ता टुक्रे योजनाहरूको बोझ र स्रोत सुनिश्चितताका नाममा प्रतिबद्धता गरिएका दायित्वले थिचिएको अवस्था छ । यस्तो बेथितिलाई अन्त्य गर्दै हाम्रो विकास निर्माणको समग्र 'इकोसिस्टम' मै ठूलो रुपान्तरण आवश्यक भएको छ', प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले प्रतिवेदनमा उल्लेख गरेका छन् ।
अर्थतन्त्र सुधारका लागि वर्तमान सरकारका काम सकारात्मक भए पनि ती पर्याप्त नभएका उहाँले बताउनुभयो । "दुई मुख्य दलको साझेदारी र अन्य दलहरू समेतको सहभागितामा बनेको शक्तिशाली सरकारबाट जनताले अझ तीव्र विकास, परिवर्तन र 'डेलिभरी'को अपेक्षा गरिरहेका छन् । एक वर्ष बितिसक्दा पनि जाजरकोट र पश्चिम रुकुम पुनर्निर्माणको काम थालनी नहुनु र असोज दोस्रो साताको बाढीबाट पीडितहरूको पुनःस्थापनामा ढिलाइ हुनु सोचनीय विषय हो', अध्यक्ष ओलीले प्रतिवेदनमा भन्नुभएको छ, 'आफूले उत्पादन गरेका वस्तुहरूको उचित बजार र मूल्य नपाउने किसानहरूको समस्या समाधान हुन नसक्नु, विकास –निर्माणमा अपेक्षित गति नआउनु र सरकारी सेवा प्रवाह, लगानी र व्यावसायिक वातावरणमा अपेक्षित सुधार नआउनु सरकारका सामु तेर्सिएका मुख्य चुनौती हुन् ।'



## प्रतिक्रियावादी शक्तिहरु आतंकित भएका छन्ः प्रधानमन्त्री

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले देशभक्त, प्रगतिशील र जनवादी शक्तिहरू मजबुत भएका कारण मुलुकका प्रतिक्रियावादी शक्तिहरु आतङ्कित भएको बताएका छन् ।
आइतबारदेखि च्यासलमा सुरु भएको एमाले केन्द्रीय कमिटीको आठौँ बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रतिक्रियावादी शक्तिहरू निर्दयी र अमानवीय रूपमा एमालेविरुद्ध झूटा प्रचारमा लागेको टिप्पणी गरेका हुन् । उनले एमालेको लोकप्रियता देखेर यसको लोकप्रियता घटाउन र एमालेलाई बदनाम गर्न विरोधीहरु लागेकाले पार्टीका सही नीतिका आधारमा एकताबद्ध भई झूटा प्रचार चिरेर पार्टीलाई निर्णायक शक्ति बनाउन जनस्तरमा लाग्न आग्रह गरे ।
'हामी विरोधीका आरोपमाथि चुप लागेर बस्नु हुँदैन । चुप लागेर बस्नुपर्छ भन्ने कमजोर धारणा हो । विरोधीका आरोपबारे तथ्यका आधारमा खण्डन गर्नुपर्छ । हाम्रा सबै सङ्गठनहरू उत्साहित भएर व्यक्ति व्यक्ति र घरघरमा पुग्नुपर्छ ।
वैचारिक कामलाई उत्तिकै महत्त्व दिनुपर्छ,' अध्यक्ष ओलीले भने, 'पार्टीभित्र गुटबन्दी र अराजकता अन्त्य गर्नैपर्छ । लोकतन्त्रका नाममा पार्टीभित्र गुटबन्दी गरेर भाँडभैलो मच्याउने कार्यले पार्टीलाई बलियो बनाउँदैन । बहकावमा लागेर होइन, एउटै नीतिगत लयमा पार्टी र देशको स्वार्थलाई केन्द्रमा राखेर हामी अगाडि बढ्न सक्नुपर्छ ।'
पार्टीका आन्तरिक विषय सार्वजनिक खपतका लागि प्रस्तुत नगर्न आग्रह गर्दै अध्यक्ष ओलीले पार्टीलाई विभाजन गरेर वा सिध्याइयो भनेर लड्डु खाएका कतिपय नेताहरुलाई अहिले लड्डु ओकल्नु परेको पनि टिप्पणी गरे । रासस

# 'मानव तस्करीविरुद्ध एकताबद्ध प्रयास आवश्यक'

**गण्डकी ।**
गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले आधुनिक दासत्व र मानव तस्करी अन्त्यका लागि एकताबद्ध प्रयास आवश्यक हुने बताएका छन् । कोपिला नेपालद्वारा आयोजित 'दक्षिण एसियामा आधुनिक दासत्व र मानव ओसारपसारकाविरुद्ध तीन दिवसीय क्षेत्रीय सम्मेलन' को आइतबार पोखरामा उद्घाटन गर्दै प्रदेश प्रमुख भट्टले मानव बेचबिखन तथा ओसारपसार एक गम्भीर सामाजिक तथा मानवताविरुद्धको विश्वव्यापी समस्या र नयाँ चुनौतीका रूपमा देखा परेको बताए । मानव बेचबिखन तथा ओसारपसारको समस्यामा बालिका र महिला बढी जोखिममा रहेका उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले यसलाई रोक्न सरकारी तथा गैरसरकारी क्षेत्रले सूचनामूलक कार्यक्रमहरू सञ्चालन गरी समाजलाई सुसूचित गराउनु पर्नेमा जोड दिए ।
मानव बेचबिखन तथा ओसारपसारका कारण पीडित र प्रभावितलाई सम्मानपूर्ण जीवनयापन गर्न उपयुक्त वातावरण सिर्जना गर्न सरकार, नागरिक समाज र सबै सरोकार भएका निकायबीच हातेमालो गर्नुपर्नेमा प्रदेश प्रमुख भट्टले बताए ।सम्मेलनबाट आर्जित ज्ञान र अनुभवलाई प्रयोग गर्दै बालबालिका तथा लैङ्गिक समानतासम्बन्धी नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सबैले सहयोग गर्नुपर्ने प्रदेश प्रमुख भट्टले बताए ।सम्मेलनमा छिमेकी राष्ट्र भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कालगायत विभिन्न मुलुकमा सामाजिक तथा बालबालिकाका क्षेत्रमा कार्यरत अभियानकर्मीको सहभागिता छ ।नेपालमा विसं १९८१ मा दासत्व उन्मुलन, विसं २०५८ मा कमैया श्रम निषेध ऐनमार्फत सबै प्रकारका दास प्रथाको अन्त्य र विसं २०६३ मा हलिया प्रथा अन्त्य र हरूवा चरूवा समुदायको मुक्ति घोषणा गरिएको थियो । रासस

# 'स्थायित्वका लागि एमाले र कांग्रेसबीच सत्ता सहकार्य'

**सुनसरी ।**
उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेकपा (एमाले) र नेपाली कांग्रेस मुख्य प्रतिस्पर्धी भए पनि सरकारको स्थायित्वका लागि सत्ता सहकार्य गरिएको बताएका छन् ।
कांग्रेस धरान उपमहानगर कार्यसमितिले आइतबार सुनसरीमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा उनलेसहमतिअनुसार दुवै पार्टीले इमान्दार भएर काम गरिरहेको बताए । 'विगतमा र आगामी निर्वाचनमा पनि कांग्रेस र एमालेबीच मुख्य प्रतिस्पर्धा हुने कुरा दुवै पार्टीलाई राम्ररी थाहा छ । अहिलेको परिस्थिति र आवश्यकताअनुसार अहिलेको सरकार बनेको हो । त्यसैले परिणाम दिनेगरी सरकारले काम गरिरहेको छ ।
यसअघि पूरा हुननसकेका योजना सम्पन्न गर्ने, आर्थिक र विकास निर्माणका काममा गतिदिने गरी सरकार अगाडि बढेको छ', उनले भने ।
कांग्रेस नेता सिंहले देश विकास र जनसेवालाई केन्द्रमा राखेर पार्टी नेता तथा कार्यकर्तालाई क्रियाशील हुन आग्रह गरे ।
कार्यक्रममा पूर्वउद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री एवं नेपाली कांग्रेस प्रचार विभाग प्रमुख मिनबहादुर विश्वकर्मा, पार्टीका कोशी प्रदेश महामन्त्री उमेश थापा, सुनसरी सभापति श्याम पोखरेल, क्षेत्रीय सभापति सुजेन्द्र तामाङलगायतको सहभागिता रहेको थियो । रासस

# क्षतिग्रस्त संरचना तीव्र गतिमा पुनर्निर्माण गरिन्छः गृहमन्त्री

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले भूकम्प र बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण तीव्र गतिमा अघि बढेको बताएका छन् ।राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको २८ औँ बैठकमा गृहमन्त्री लेखकले विपद्बाट भएको क्षतिको मूल्याङ्कन र पुनःनिर्माण तीव्र रुपमा अगाडि बढ्ने बताएका हुन् ।'डोटी, बाजुरा, बझाङ र जाजरकोटको भूकम्प तथा बाढी पहिरोले उत्पन्न विपद्बाट भएको क्षतिबारे विपद् क्षतिको मूल्याङ्कन (डिडिए)को काम सुरु गर्ने र डिडिए भइसकेको ठाउँमा पुनःनिर्माणको अगाडि बढाउने आइतबारको बैठकले निर्णय गरेको छ', उनले भने ।
विपद् क्षतिको मूल्याङ्कन भइसकेको ठाउँमा पुनःनिर्माणका लागि आवश्यक कानुनी र आर्थिक विषयमा निर्णय भएको गृहमन्त्री लेखकले राससलाई बताए । 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी मापदण्ड केही समयअघि पारित भइसकेको छ । सोहीसम्बन्धी कार्यविधि आज पारित गरेका छौँ । आगामी माघ तेस्रो साताबाट जाजरकोट भूकम्पको विपद् क्षतिको मूल्याङ्कन सुरु हुनेछ', उनले भने ।
उक्त निर्णय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकमा प्रस्तुत गर्ने उनको भनाइ छ । गृहमन्त्री लेखकका अनुसार आइतबार साँझ ७ बजे प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठक बस्दैछ । आइतबारको परिषद् बैठकले निर्णय गरिसकेपछि पुनःनिर्माणको कामले तीव्रता पाउने मन्त्री लेखकको भनाइ छ । रासस

# बीपी राजमार्ग पुनर्निर्माणमा साढे नौ अर्ब खर्च हुने अनुमान

**काभ्रेपलाञ्चोक ।**
गत असोज दोस्रो साताको बाढीपहिराले क्षतिग्रस्त बीपी राजमार्गको विभिन्न सडकखण्डको पुनर्निर्माणका लागि करिब नौ अर्ब ६६ करोड हुने भएको छ । बाढीपछि गरिएको अध्ययनअनुसार पुनर्निर्माणमा ठूलो धनराशि खर्च हुने पाइएको हो ।



डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार बीपी राजमार्गअन्तर्गत भकुण्डेबाट नेपालथोकसम्मको विभिन्न स्थानमा पुनर्निर्माण गर्न उक्त रकम खर्च हुने अनुमान गरिएको हो । उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित चौकीडाँडाबाट रोशी गाउँपालिकाको कालढुङ्गासम्म १२ किलोमिटर सडकखण्डमध्ये आठ किलोमिटर सडक पूर्ण रूपमा क्षति पुगेको थियो ।
कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार उक्त सडकमा तीन किसिमका पर्खाल (आरसिसी रिटेनिङ, प्लम र गेभियन वाल) लगाउनुपर्ने अध्ययनबाट देखिएको छ ।
'अध्ययनबाट केही स्थानमा पहिला पुल बनाउनुपर्ने देखिए पनि पुल बनाउने कि, पर्खाल लगाउने भन्नेबारे छलफलपछि निष्कर्ष निकालिनेछ,' उनले भने । उनका अनुसार खोलाको बाढी आउन सक्ने ठाउँमा आरसिसी वाल लगाउनुपर्ने देखिएको छ भने कतै प्लम वाल र कतै गेभियन वाल लगाउनुपर्ने अध्ययनले देखाएको छ । क्षतिग्रस्त सडक पुनर्निर्माण गर्न स्रोत सुनिश्चितताको पर्खाइमा रहेको प्रमुख योगेशले बताए ।
'सडकखण्ड पुनर्निर्माण गर्न गएिएको अध्ययनअनुसार लाग्ने लागतको स्रोत सुनिश्चित भएको छैन, दातृ निकाय तथा नेपाल सरकारबाटै स्रोत सुनिश्चित भएपछि ठेक्का खोल्ने प्रक्रियातिर लाग्छौँ,' उनले भने । राजमार्गको भत्किएको खण्ड पुनर्निर्माणका विषयमा जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गत कात्तिक दोस्रो साता अध्ययन गरेको थियो ।
उक्त राजमार्ग पुनर्निर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग छलफल गरेका थिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जाइकासँग उक्त सडकखण्ड पुनर्निर्माणका लागि सहयोगको प्रस्ताव गरिसकेको छ । मन्त्रालय जाइकाको प्रतिवेदन र जवाफको पर्खाइमा रहेको छ । मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन कोषमा रहेको बजेट माग गर्ने तयारी छ । यस्तै दातृ निकायहरू एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकको सहुलियतपूर्ण ऋण लिएर भए पनि राजमार्ग पुनर्निर्माणको तयारी छ ।
सचिव शर्मा आगामी फागुनसम्ममा ठेक्का प्रक्रिया अघि बढाउने तयारी छ । पुनर्निर्माणका लागि स्रोत सुनिश्चित लम्बिए आउने वर्षको वर्षामा यातायात सञ्चालनमा कठिनाइ ब्यहोर्नुपर्ने प्रमुख योगेशले बताए ।
उनले भने, 'हाल स्रोत सुनिश्चित भएको भए काम सुरु गर्थ्यौं, अब ढिला भयो भने वर्षाभरि यातायात सञ्चालन नहुन पनि सक्छ ।' उनका अनुसार पूर्ण रूपमा सडक पुनर्निर्माण गर्न कम्तीमा दुई वर्ष लाग्छ । बीपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिबास )अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडाबाट सिन्धुलीको बर्खेखोलासम्मको सडकखण्डको अधिकांश सडक क्षतिग्रस्त छ ।
बाढीपहिरोले अवरुद्ध राजमार्ग दुई हप्तापछि सञ्चालनमा ल्याइए पनि सुक्खा पहिरोको जोखिमका कारण कार्यालयले गत असोज ३० गतेदेखि नै साँझ छ बजेदेखि १० घण्टा (रातको समय) यातायात सञ्चालमामा रोक लगाउँदै आएको छ । राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा रहेको उक्त राजमार्ग कतै एकतर्फी तथा कतै दुईतर्फी हुनेगरी सञ्चालनमा ल्याइएको हो ।
जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बीपी राजमार्ग (धुलिखेल–सिन्धुली– बर्दिबास एक सय ६० किमी सडक) निर्माणकार्य सुरु गरिएको थियो ।
खण्डखण्ड विभाजन गरी २०७२ असार १८ गते निर्माण सम्पन्न गरी औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । जाइकाले उक्त राजमार्ग निर्माण गर्दा प्रतिकिमी ३५ करोड लागत थियो । रासस

# सूर्योदय र सूर्यास्त अवलोकनको आकर्षक गन्तव्य बन्दै कोरीडाँडा



**गण्डकी ।**
कास्कीको मादी गाउँपालिका–१ स्थित कोरी आँखै अगाडि लमजुङ माछापुच्छ्रे, अन्नपूर्ण दोस्रो र चौथो, थ्रि सिस्टर आदि हिमाललाई नजिकबाट नियाल्न सकिने गन्तव्य हो । पर्यटकीय गाउँ सिक्लेसबाट हुगु हुँदै नौलाखर्क, नौटा हुँदै करिब नौ घण्टा उकालो यात्रा गरेपछि समुद्री सतहबाट तीन हजार आठ सय ५० मिटर उचाइमा रहेको कोरीडाँडा पुगिन्छ । यो पदयात्राका क्रममा पर्यटकले अन्नपूर्ण र लमजुङ हिमालबाट समयसमयमा खस्ने हिउँपहिरो अवलोकन गर्दै जङ्गल, परम्परागत गोठ हुँदै उकालो चढ्ने होटल आइसफलका सञ्चालक पर्यटन व्यवसायी कृष्ण गुरुङले बताए ।
सिक्लेसदेखि तासा हुँदै कोरी पुग्ने अर्को पदमार्गसमेत रहेको छ । हुगुमा बिहानको खाजा खाएर हिँडेका पर्यटक दिउँसोको खाना खान नौटाखर्क पुग्छन् । यहाँ चिया पसल छ । कोरी सूर्योदय र सूर्यास्त हेर्ने उपयुक्त गन्तव्यसमेत रहेको उनको भनाइ छ ।
कोरी जाने मार्गमा रहेको पाखामा गुरासैगुराँसको जङ्गल छ । वसन्तयाममा यहाँ रङ्गिएर मनमोहक बन्छ भने जेठतिर खर्कहरूमा फुल्ने मनमोहक फूलले जोकोहीलाई लोभ्याउने गरेको छ ।
प्राचीनकालमा कोरी सिक्लेस हुँदै मनाङ र लमजुङ जाने परम्परागत मार्ग प्रचलनमा रहँदा बटुवाहरू बास बस्ने थलो र गोठालाको खर्क थियो । नुन लिन जाने मार्गका रूपमा पनि यसले चासो र चर्चा कमाएको थियो । हाल चारवटा होटल रहेको कोरीमा पछिल्लो समय हाइकिङ र बिदामा घुमघामका लागि आन्तरिक पर्यटक आउने क्रम निकै बढिरहेको होटल व्यवसायी होम गुरुङले बताए ।
'कोरी हिमाललाई जरोदेखि टुप्पैसम्म एकसाथ अवलोकन गर्न पाउने गन्तव्य हो,' उनले भने, 'पदयात्राका क्रममा ठाडो उकालोका कारण थकित बनेका पदयात्रीलाई यहाँ आइसकेपछि देखिने दृश्यले सबै थकान बिर्साउने गरेको छ ।'
सिक्लेसबाट तसा हुँदै कोरी पुगेका पर्यटक पुरानै बाटो, नौटा हुगु– कपुचे–हुगु–सिक्लेस, ठुलोलेक–गुरुङ देउराली–तिमाङ, ठुलोलेक–क्होलासोथार–करा पुडाडा–याङजाकोट अथवा ताङतिङ भएर यात्रा गर्ने विकल्प छ ।
कपुचे हिमतालसँगै कोरी, क्होलासौँथर र करापुडाँडालाई समेटिएकाले यो पदमार्गलाई 'फोरके ट्रेक'का रूपमा समेत लिन सकिने पर्यटन व्यवसायीहरू बताउँछन् । कोरीको पदयात्रामा जाने पर्यटक पोखराबाट ४१ किलोमिटर दूरीमा रहेको पर्यटकीय गाउँ सिक्लेसबाट त्यसतर्फको यात्रा सुरु गर्दछन् । सिक्लेसमा आएका पर्यटकले गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेशभूषा, झाँकी आदिको अवलोकन गर्न पाउने मादी –१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले बताए । कोरीको पर्यटकीय सम्भावनालाई उजागर गर्न मादी गाउँपालिकाले प्राथमिकतामा राखेको उनले जानकारी दिए । उनका अनुसार यहाँको पुरुयुमबाट कोरीसम्म केबुलकार सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययनसँगै सार्वजनिक सुनुवाइसमेत भइसकेको छ ।
सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा समुद्री सतहबाट दुई हजार चार सय २१ मिटर उचाइमा रहेको कपुचे ताल अवलोकन गर्दै कपुचेमा नै बस्ने वा हुगुमा आएर बस्ने विकल्प छ ।
त्यहाँबाट पर्यटक कोरीतर्फको यात्रा तय गर्ने उनले जानकारी दिए । कोरीबाट छ हजार नौ सय ८८ मिटर उचाइको लमजुङ हिमाल, सात हजार नौ सय ३७ मिटर उचाइको अन्नपूर्ण दोस्रो, छ हजार नौ सय ९३ मिटर उचाइको माछापुच्छ्रे हिमाल र आठ हजार एक सय ५६ मिटर उचाइको मनास्लु हिमाल आँखै अगाडि देख्न सकिन्छ ।
कोरी पदयात्रासँगै हिमाल अवलोकनको उपयुक्त गन्तव्य रहेको पर्यटक पथप्रदर्शक गङ्गा घले बताउँछन् । यस पदमार्गमा धेरै पर्यटकको समूहलाई लिएर आइसकेको उनी सुनाउँछन् । 'यहाँ आइसकेपछि जोकोही पर्यटक हिमालसहितको मनोरम दृश्य देखेर रमाउने गरेका छन्,' उनले भने, 'जरैदेखि टुप्पोसम्म एकसाथ हिमाललाई नियाल्न पाउनु नै यहाँको प्रमुख विशेषता हो ।'
करिब १० वर्ष अघिसम्म सेताम्य हुने हिमाल अहिले भने खुइलिएको देख्दा आफूलाई धैरै चिन्तित बनाएको बताउँदै उनले पहिला सेताम्य हिमाल देखेर गएका विदेशी पर्यटक दोहोर्याएर आउने क्रममा हिमाल खुइलिएको देख्दा चिन्ताले रुने गरेको अनुभव सुनाए । 'पहिले यहाँबाट देखिने सेताम्य हिमालमा अहिले हिउँ नै छैन,' उनले भने, 'पछिल्लो १० वर्षयता हिमाली क्षेत्रमा तापमान वृद्धिको धैरै असर परिसकेको छ ।'
हिमाललाई बचाउने नसके हाम्रो पर्यटनमा पनि गम्भीर असर पर्ने बताउँदै उनले जथाभावी प्लाष्टिकजन्य वस्तु नजलाउन र वातारण प्रदुषण हुने कुनै किसिमका गतिविधि नगर्न सुझाए । कोरीडाँडासहित यस क्षेत्रको पदयात्रा प्रवद्र्धन गर्ने उद्देश्यका साथ गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गका रूपमा यहाँको प्रवद्र्धन र विकासलाई जोड दिएको संघका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले बताए ।
संघको आयोजना एवं नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र मादी गाउँपालिकाको सहयोगमा पुसको दोस्रो साता सिक्लेसबाट कपुचे, कोरी, क्होलासोथार, कर्पुडाँडा हुँदै याङ्जाकोटसम्मको पदयात्रा सम्पन्न गरिएको कार्यक्रम संयोजकसमेत रहेका उनले बताए ।
प्रवद्र्धनात्मक कार्यक्रममा अवसरमा कोरी र त्यहाँको पर्यटकीय सम्भावना, आवश्यकता आदिबारे स्थलगत पहिचान गरिएको बताउँदै उनले त्यहाँ विद्युत्, खानेपानी, सञ्चारलगायत अत्यावश्यकीय पूर्वाधार विकास गर्नुपर्ने देखिएको बताए ।
'कोरीमा पर्यटकीय आकर्षण बढ्दो छ,'उनले भने, 'राज्यले उक्त स्थानमा तत्काल बिजुली, खानेपानीका साथै सञ्चार सुविधा पुग्नेगरी व्यवस्था गरिनु अपरिहार्य देखिएको छ ।' रासस

# पर्यटकको रोजाइ बन्दै 'बुलबुले'ताल



**– टेकराज केसी**
'सुर्खेतमा बुलबुले ताल,
चौतारीमा भेट भयो यो साल'
अर्जुन नेपाली र संगीता प्रधानको बन्धकी फिल्मको यो गीत सुन्नेबित्तिकै बुलबुलेको झल्को आउँछ । यो ताल नघुमेका व्यक्तिलाई घुमौँघुमौँ लाग्छ । चारैतिर पहाडले घेरिएको वीरेन्द्रनगर उपत्यकाको तल्लो क्षेत्रमा बुलबुल गरेर जमिनमुनिबाट निस्किएको पानीले बनेको तालको नाम हो बुलबुले । यो ताल पछिल्लो समय पर्यटकको रोजाइ बन्दै गएको छ भने वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक आम्दानीको स्रोत पनि बनेको छ ।
पहिलोपटक कर्णालीको राजधानीसमेत रहेको वीरेन्द्रनगरमा आउने जोकोही पनि बुलबुले ताल हेर्न जाने गर्छन् । एकपटक गएपछि फेरि पनि घुम्न मन लाग्ने बुलबुले उद्यान क्षेत्र पछिल्लो समय आन्तरिक र बाह्य पर्यटकको रोजाइ बनेको छ ।
समुद्री सतहबाट करिब ६५७ मिटरको उचाइमा अवस्थित बुलबुले तालमा मोटरबोटसमेत सञ्चालनमा आएपछि झनै पर्यटकको रोजाइ बनेको हो । सुर्खेतको प्रमुख पर्यटकीयस्थल बुलबुले ताल विस्तार गरेर फराकिलो बनाइएको छ भने चारैतिर घुम्न र हेर्न लायक बन्दै छ । तालमा अहिले मोटरबोट सयर गर्नसमेत सकिन्छ ।
बाह्र हजार वर्गमिटर क्षेत्रफलमा रहेको उक्त तालको क्षेत्र बढाएर २८ हजार पाँच सय वर्गमिटर बनाइएको छ । अहिले यही तालमा दुईवटा मोटरबोट सञ्चालनमा ल्याइएपछि आन्तरिक पर्यटक बढ्न थालेका हुन् । साढे ३१ बिघा क्षेत्रफलमा फैलिएको बुलबुले कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य मानिन्छ । कर्णाली आउने हरेक पर्यटकको रोजाइमा बुलबुले पनि पर्छ । बुलबुलेमा बिदाका दिनमा बढी पर्यटक आउने गर्छन् । दैनिक पाँच सयभन्दा बढी पर्यटकले बुलबुलेको अवलोकन गर्ने बताइएको छ । ०२९ देखि सरकारी तवरबाट बुलबुलेको संरक्षण हुन थालेको हो ।नजिकै रहेको काँक्रेबिहारले पनि रमाइलो थपिदिन्छ । यहाँ वनभोजस्थलदेखि घुमघाम गर्न जानेहरूको घुइँचो बढ्न थालेको छ । विशेष गरी बिदाको दिन बुलबुले घुम्न जाने पर्यटकको संख्या बढ्ने गरेको छ । अहिले बिदाको दिन पाँच हजारभन्दा बढी व्यक्ति बुलबुले घुम्न आउने गरेको वीरेन्द्रनगर नगर विकास समितिअन्तर्गत टिकट काउन्टरमा कार्यरत माली निर्मला बाँस्तोला बताउँछिन् ।'अहिले दैनिक औसतमा पाँच सयभन्दा धैरै व्यक्ति बुलबुले अवलोकन गर्न आउने गर्नुहुन्छ, दैनिक टिकट बिक्रीबाट १५ हजार रुपैयाँ आम्दानी हुने गरेको छ । बिदाका दिनमा ३५ हजार रुपैयाँसम्मको आम्दानी हुने गरेको छ,' निर्मलाले भनिन् ।

अझै व्यवस्थित गर्न सुझाव

बुलबुले घुम्न आएका आन्तरिक पर्यटकले भने नगरपालिकाले अझै उद्यान क्षेत्र व्यवस्थित गर्न आवश्यक रहेको औँल्याएका छन् । वनभोजका लागि आएका शिव मावि धुलियाबिटका प्रधानाध्यापक पूर्णप्रसाद पौडेलले उद्यानसँगै सार्वजनिक शौचालयलगायतका संरचना बनाएर व्यवस्थित गर्नुपर्ने सुझाव दिए ।
'अहिलेको समय भनेको हरेक नागरिकका लागि रमाइलो चाहिएको छ, त्यसका लागि उपयुक्त ठाउँ बुलबुले बनिरहेको छ, तर यसको व्यवस्थापन अझै गर्न आवश्यक देखिन्छ,' उनले भने । प्रधानाध्यापक पौडेलले सार्वजनिक शौचालयदेखि रातिको समयमा घुम्न मिल्ने वातावरण बनाउनुपर्ने सुझाव दिए । बत्ती, पानीसहित चार्चिङ स्टेसनलगायत संरचना बनाएर अझै प्रचारप्रसार गर्न सके वीरेन्द्रनगरको आन्तरिक आम्दानीको ठुलो स्रोत बुलबुले बन्न सक्ने उनको भनाइ छ ।
बुलबुले घुम्न आएका टंकप्रसाद पोख्रेलले पनि बुलबुले आफैँमा महत्त्वपूर्ण र घुम्नलायक ठाउँ रहेको भन्दै आन्तरिक पर्यटकसँगै बाह्य पर्यटक भित्र्याउने गरी सरकारले काम गर्नुपर्ने सुझाव दिए । 'अझै आकर्षक र हेर्नलायक बनाउन सक्नुपर्छ, यही प्रदेश सरकार पनि भएको हुँदा स्थानीय र प्रदेश सरकारले विशेष योजना ल्याउनुपर्छ,' उनी भन्छन् ।
व्यवसायी ओमप्रकाश तिवारीले बुलबुले, काँक्रेबिहारलगायत पर्यटकीय क्षेत्रलाई पर्यटकको रोजाइ बन्ने गरी योजना बनाउनुपर्ने भन्दै यसले अर्थतन्त्रलाई टेवा पुग्न सक्ने सुझाव दिए । पर्यटकको आकर्षक बनाउन सके कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा व्यवसाय पनि बढ्थ्यो, रोजगारी सिर्जना हुन्थ्यो भने अर्कातर्फ बिदेसिनुपर्ने बाध्यता कम हुने थियो ।
अर्का व्यवसायी रमेश खड्काको मत पनि त्यस्तै छ । बुलबुलेको पहिचानलाई जोगाउँदै देश तथा विदेशका पर्यटक भित्र्याउने गरी योजना बनाउनुपर्ने उनले बताए । प्रदेश राजधानीमा रहेको बुलबुले, काँक्रेबिहार र देउती बज्यैजस्ता पर्यटकीय क्षेत्रलाई व्यवस्थित तथा प्रचारप्रसार गरी आन्तरिक आम्दानी बढाउन सकिने सरोकारवालाको सुझाव छ । कर्णाली प्रदेश सरकारले पर्यटकीय क्षेत्रको पहिचानसँगै कर्णाली घुम्न आउने वातावरण बनाउने गरी योजना बनाइएको भन्दै सबै पक्षलाई कार्यान्वयन गर्न सहयोग गर्न आग्रह गरेको छ । रासस

# भारतीय प्रेस वाचडगद्वारा पत्रकारको हत्याको अनुसन्धान माग

**नयाँदिल्ली ।**
कङ्क्रिटले ढाकिएको सेप्टिक ट्याङ्कीमा एक पत्रकारको क्षत–विक्षत शव फेला परेपछि भारतको मिडिया वाचडगले विस्तृत अनुसन्धानको माग गरेको छ ।
अठ्ठाइस वर्षीय स्वतन्त्र पत्रकार मुकेश चन्द्राकरले भारतको मध्य छत्तीसगढ राज्यमा भ्रष्टाचार र दशकौँ पुरानो माओवादी विद्रोहबारे व्यापक रूपमा रिपोर्टिङ गरेका थिए र लोकप्रिय युट्युब च्यानल 'बस्तर जङ्क्सन' सञ्चालन गर्दै आएका थिए ।
भारतीय प्रेस काउन्सिलले चन्द्राकरको सन्दिग्ध हत्यामा 'चिन्ता' व्यक्त गर्दै शनिबार राति एक विज्ञप्तिमा 'घटनाको तथ्य' मा प्रतिवेदन माग गरेको छ ।
चन्द्राकर बेपत्ता भएको उनको परिवारले रिपोर्ट गरेपछि प्रहरीले उनको मोबाइल फोन रेकर्ड ट्र्याक गरेपछि जनवरी ३ मा उनको शव फेला परेको थियो । तीन जनालाई पक्राउ गरिएको छ ।
भारतका स्रोत–सम्पन्न मध्य क्षेत्रहरूमा सीमान्तकृत आदिवासीहरूको अधिकारका लागि लडिरहेको भन्दै नक्सलवादी विद्रोहीहरूले दशकौँदेखि चलाएको विद्रोहमा १० हजारभन्दा बढी मानिसको मृत्यु भएको छ ।
सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) का छत्तीसगढका मुख्यमन्त्री विष्णु देव साईले चन्द्राकरको मृत्युलाई 'हृदयविदारक' भन्दै जिम्मेवारहरूलाई 'कडाभन्दा कडा सजाय' दिने प्रतिज्ञा गर्नुभएको छ ।
रिपोर्टर्स विदाउट बोर्डर्सद्वारा सञ्चालित विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा भारत गत वर्ष १५९औँ स्थानमा रहेको थियो । रासस

# यु–१९ महिला विश्वकप खेल्ने नेपाली टोली घोषणा

**काठमाडौँ ।**
नेपाल क्रिकेट संघ (क्यान)ले एसिसी यु–१९ महिला विश्वकप प्रतियोगिताका लागि नेपाली टोली घोषणा गरेको छ । क्यानले पूजा महतोको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।
नेपाली टोलीका अन्य खेलाडीमा सोनी पाख्रिन (उपकप्तान), साना प्रविन, ज्योत्सिन्का मरासिनी, कुसुम गोदार, सावित्रा धामी, कृश्मा गुरुङ, रिया शर्मा, सिमाना केसी, स्नेहा महरा, किरणकुमारी कुँवर, रचना चौधरी, तृष्णा विक, अनु कडायत र एलिसा कुमारी यादव रहेका छन् । गत महिना भएको यु–१९ एसिया छनोटमा च्याम्पियन बन्दै नेपालले विश्वकपमा स्थान बनाएको हो । यु–१९ विश्वकप आगामी माघ ५ देखि २० सम्म मलेसियामा हुँदैछ । उक्त प्रतियोगितामा १६ टोली सहभागी हुने छन्
नेपाल समूह 'डी'मा छ । उक्त समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड रहेका छन् । नेपालले पहिलो खेल माघ ५ मा बङ्गलादेशसँग खेल्ने छ । नेपालले दोस्रो खेल माघ ७ मा स्कटल्याण्डसँग तथा तेस्रो खेल माघ ९ मा अस्ट्रेलियासँग खेल्ने तालिका छ । रासस

# वर्ष २०२४:

# माइक टाइसन बक्सिङदेखि अर्जेन्टिनाको उपाधिसम्म

*काठमाडौँ ।*
*वर्ष २०२४ मा विश्वका कैयौँ मुलुक राजनीतिक, आर्थिक र सामाजिक रुपमा उथलपुथल रहे । रुस–युक्रेनबीचको युद्ध जारी रहँदा इजरायलसँग हमासलगायतको युद्ध चर्चामा रह्यो, सिरिया र बङ्गलादेशमा भएका राजनीतिक आन्दोलनले वर्षभरी विश्व समुदायको ध्यान खिच्यो । त्यति मात्रै होइन, यी राजनीतिक उथलपुथलले धुव्रिकरणलाई बढावा दिए पनि खेलकूदले भने धेरैलाई एकै थलोमा उभ्यायो ।*




## एनपिएल र क्रिकेट

वर्ष २०२४ मा खेलकूद निकै चर्चामा रह्यो । नेपाल राष्ट्रिय क्रिकेट सङ्घले पहिलो पटक आयोजना गरेको नेपाल प्रिमियर लिग (एनपिएल)ले नेपाली क्रिकेटलाई विश्वका क्रिकेटप्रेमीको ध्यान आकृष्ट मात्रै गरेन । यसको अभूतपूर्व सफलताले नेपाली क्रिकेटको उन्नयनमा ठूलो सहयोग हुने अपेक्षासमेत गरिएको छ । विश्वप्रसिद्ध क्रिकेटर ब्रायन लारालगायतको उपस्थितिले एनपिएलको चर्चा अझ चुलियो ।

यसै वर्ष भारतले टी–२० किक्रेट विश्वकपको उपाधि चुम्यो । सन् २०२३ मा घरेलु मैदानमा एकदिवसीय क्रिकेट विश्वकपको उपाधि जित्नबाट चुकेको भारतले अमेरिका र वेस्टइन्डिजमा भएको उक्त विश्वकपको उपाधि भने हात पा¥यो । सोही प्रतियोगितामा नेपालले दक्षिण अफ्रिकालाई कडा टक्कर दियो । समूह चरणमा नेपाल जम्मा एक रनले पराजित भयो । सोही प्रतियोगितामा नेपालले बङ्गलादेशविरुद्धको खेलमा पनि राम्रो प्रदर्शन गरेको थियो ।

वर्षको अन्त्य र नयाँ वर्षको सुरुआतमा अष्ट्रेलियासँग पाँच खेलको टेस्ट शृङ्खला गुमाएपछि भारतले टेस्ट विश्वकपको फाइनल खेल्ने सपना भने पूरा भएन । प्रत्येक दुई वर्षमा हुने टेस्ट विश्वकपको उपाधिका लागि अब दक्षिण अफ्रिका र अष्ट्रेलिया भिड्नेछन् । यही वर्ष बङ्गलादेशले भारतलाई पराजित गर्दै यू–१९ क्रिकेट एसिया कप जित्यो ।




## बक्सिङ

गत वर्ष बक्सिङ पनि निकै चर्चामा रह्यो । विशेष गरी पूर्वहेभिवेट च्याम्पियन माइक टाइसन र ज्याक पलबीचको प्रतिस्पर्धालाई विश्वका करोडौ खेलप्रेमीले प्रत्यक्ष हेरेका थिए । सन्यास जीवन बिताइरहेका ५८ वर्षे टाइसन १९ वर्षपछि व्यावसायिक खेल जीवनमा फर्किएका थिए । उक्त खेल नेटफ्क्लिसमार्फत प्रत्यक्ष प्रसारण गरिएको थियो । डलास काउबोइजमा भएको उत्त खेलमा ७० हजार दर्शक उपस्थित थिए । खेल भने पलले जिते ।




## फुटबल

फूटबलप्रेमीका लागि पनि गत वर्ष रोमाञ्चक रह्यो । अर्जेन्टिनाले लगातार दोस्रो पटक कोपा अमेरिकाको उपाधि जित्दा सोही समयमा यूरोपमा भएको यूरो कपको उपाधि भने स्पेनले हात पा¥यो । वर्ष २०२४ मा सम्पन्न इङ्लिस प्रिमियर लिगमा आर्सनललाई पराजित गर्दै म्यानचेस्टर सिटीले लगातार चौथो पटक उपाधि कब्जा ग¥यो । साथै यूरोपियन च्याम्पियनको उपाधि स्पेनिस क्लब रियल म्याड्रिडले चुम्यो । त्यसका साथै रियलले स्पेनिस ला लिगा, अन्तमहादेशीय ‘यूइएफए सुपर कप’ र ‘स्पेनिस सुपर कप’ पनि जित्यो ।

## टेनिस



वर्ष २०२४ मा प्रसिद्ध टेनिस खेलाडी राफेल नाडालले २० वर्षे खेल यात्राबाट विश्राम लिए ।

लामो समयसम्म टेनिसमा आफ्नो बलियो प्रस्तुति दिएका उनले डेभिस कपको क्वार्टरफाइनलमा हार बेहोरेपछि सन्यास लिए । उनले आफ्नो करिअरमा अष्ट्रेलियन ओपन, फ्रेञ्च ओपन, विम्बल्डन, यूएस ओपनलगायतका ग्राण्ड स्लाम २२ पटक हात पारेका थिए ।

## केही चर्चाहरु

यसैवर्ष अल्जेरियन फूटबलर युसेफ अतल गाजा स्ट्रिपबारे सामाजिक सञ्जालमा लेखेकै आधारमा आठ महिना जेल चलान भए । साथै उनलाई फ्रान्सको एक अदालतले ४५ हजार यूरो जरिवाना तिरायो । साथै दक्षिण अफ्रिकाका पूर्व पाराओलम्पियन ओस्कार पिस्टोरियसले ११ वर्षपछि पेरोल पाए । उनी प्रेमिकाको हत्यामा संलग्न भएको अभियोगमा जेल जीवन बिताइरहेका थिए । त्यसैगरी फ्रान्सकी पूर्व बास्केटबल खेलाडी एमिली गोमिसले इजरायलले गाजामा गरिरहेको आक्रमणको आलोचना गरेपछि पेरिस ओलम्पिकको एम्ब्यासडरबाट राजीनामा दिन बाध्य भइन् । यसैवर्ष अन्तर्राष्ट्रिय फूटबल महासङ्घ (फिफा)ले सन् २०२३ को उत्कृष्ट खेलाडीमा पुरुषतर्फ अर्जेन्टिनाका लियोनल मेस्सी र महिलामा बार्सिलोनाकी आइटाना बोन्माटीलाई घोषणा ग¥यो ।

गत वर्षको फेब्रअुरीमा कतारले जोर्डनलाई ३–१ गोलअन्तरले पराजित गर्दै सन् २०२३ को एएफसी एसिया कपको उपाधि जित्यो भने आइभोरी कोस्टले नाइजेरियालाई २–१ गोलअन्तरले पराजित गर्दै सन् २०२३ को अफ्रिका कप जित्यो । यसैवर्ष अमेरिकाका बास्केटबल खेलाडी लेब्रोन जेम्स करिअरमा ४० हजार प्वान्टस् बटुल्ने इतिहासमा पहिलो खेलाडी बने । त्यसैगरी साउदी अरबको फूटबल क्लब अल हिलाल क्लबले २८ खेलमा जित निकाल्दै लगातार धेरै खेल जित्ने क्लब बन्यो ।

## जो अस्ताए

विश्व खेलकूद जगतले यस वर्ष केही प्रसिद्ध व्यक्तित्वलाई गुमायो । वर्षको सुरुआत अर्थात् जनवरी ७ मा जर्मनीका फूटबल खेलाडी तथा म्यानेजर फ्राञ्ज बेकेबोउरको ७८ वर्षको उमेरमा निधन भयो । उन फिफा विश्वकप, यूरोपियन च्याम्पियन जित्ने थोरै खेलाडीमध्ये एक थिए ।

साथै म्याराथन विश्व कीर्तिमानी केन्याका धावक २४ केल्भिन किप्टुनको फेब्रुअरी ११ मा निधन भयो । उनले सन् २०२३ को अक्टोबरमा अमेरिकाका सिकागोमा भएको दौडमा दुई घण्टा ३५ सेकेन्डमा दौड पूरा गर्दै कीर्तिमान कायम गरेका थिए । गत वर्षको अप्रिल १० मा फूटबल स्टार ओजे सिम्पसनको निधन भयो । अमेरिकी एथलेटिकमा सन् १९६० देखि ७० को दशकसम्म ‘द जुस’ उपनामले चर्चित ओजेको जीन विवादास्पद रह्यो । अमेरिकाका प्रसिद्ध बास्केटबल खेलाडी जेरी वेस्टको ८६ वर्षको उमेरमा जुन १२ मा निधन भयो । वेस्टले सन् १९६० देखि १९७४ सम्म नेशनल बास्केटबल एसोसिएसन (एनबिए)का खेलाडीका रुपमा राम्रो प्रदर्शन गरेका थिए । यसैवर्ष अफ्रिकन–अमेरिकन व्यावसायिक बेसबल खेलाडी विली मायसको ९३ वर्षको उमेरमा जुन १८ मा निधन भयो । त्यसैगरी स्पेनिस बाइक राइडर कार्लेस फाल्कोनको ४५ वर्षको उमेरमा निधन भयो । डाकर ¥यालीका क्रममा दुर्घटनामा परेका उनको आठ दिनपछि निधन भएको हो । रासस

## तेक्वान्दो




गत वर्ष नै नेपाली पारा तेक्वान्दो खेलाडी पलेशा गोवद्र्धनले पारा ओलम्पिकमा ऐतिहासिक कास्य पदक जितिन् ।

कुनै पनि ओलम्पिकमा नेपाली खेलाडीले जितेको यो पहिलो आधिकारिक पदक थियो । उनले के–४४ विधाअन्तर्गत महिला ५७ केजी तौल समूहबाट कास्य पदक जितेकी हुन् ।

उनले सर्बियाकी मिचेभलाई १५–८ स्कोरले पराजित गरेकी थिइन् ।

# बिपी उद्यानको अतिक्रमण हटाउन महानगरले चलायो डोजर



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले घण्टाघरस्थित बिपी उद्यानको जग्गा खाली गराउन सक्रिय कदम चालेको छ । आइतबार महानगरपालिकाको डोजर प्रयोग गर्दै उद्यान क्षेत्रमा रहेको अवैध अतिक्रमण हटाउन थालिएको छ । महानगरपालिकाले यसअघि दुई पटक सूचना जारी गरी जग्गा खाली गराउन प्रयास गरेको थियो । पहिलो पटक गत मङ्सिर २६ गते १५ दिनको समयसहित अल्टिमेटम जारी गरिएको थियो । उक्त समयसीमा समाप्त भए पनि काम नगरेपछि पुस १२ गते पुनः ७ दिनको अल्टिमेटमसहित दोस्रो सूचना जारी गरिएको थियो । महानगर प्रमुखका सल्लाहकार हरि श्रेष्ठका अनुसार, बिपी उद्यानको खाली गराइएको जग्गामा पार्क निर्माणको काम शीघ्र थालिनेछ । आज पहिलो चरणमा उत्तर पट्टिको अतिक्रमण हटाइएको र भोली महानगरको डोजर दक्षिण तर्फको अतिक्रमण हटाउँदै जाने श्रेष्ठको भनाइ छ । पार्क निर्माणको माध्यमबाट स्थानीयले हरियाली वातावरण र मनोरञ्जनको नयाँ अवसर पाउने महानगरका प्रमुख राजेशमान सिंहको दाबी छ । महानगरपालिकाको प्रारम्भिक योजना अनुसार, पार्कभित्र मनोरञ्जनात्मक गतिविधिहरू, खेलकुदको व्यवस्थापन, र वरिष्ठ नागरिकहरूको सुविधाका लागि समर्पित स्थान निर्माण गरिने प्रमुख सिंहले जानकारी दिए । प्रमुख सिंहले आफ्नो प्रयासमा साथ दिन स्थानीयहरूसँग आग्रह पनि गरेका छन् । विकास निर्माणका कामले दीर्घकालीन लाभ पुऱ्याउने भन्दै महानगरका प्रमुख उनले आवश्यक सहकार्यका लागि पुनः अपिल गरेका छन् । महानगरको यस कदमले स्थानीय बासिन्दाहरूसँग अन्योल थपिएको छ । उक्त क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आइरहेका विशेषतः दलित समुदायका व्यक्तिहरूले आफ्नो व्यवस्थापनबारे गुनासो गरेका छन् ।

उनीहरूले उचित विकल्पको व्यवस्थापन गर्न माग समेत गरेका छन् । यस कार्यले महानगरको समग्र रूपान्तरण योजनामा ठूलो योगदान दिने विश्वास महानगरको छ । तर स्थानीयहरूको समस्या सम्बोधन गर्न आवश्यक पहल नगर्ने हो भने असन्तुष्टि थप गहिरिने देखिन्छ ।

# दिगो कृषिको प्रवर्द्धन गर्दै एनडीपीएल



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल डिस्टिलरीज प्रा. लि. (एनडीपीएल)ले एक बृहत् क्षमता अभिवृद्धि तालिम कार्यक्रम मार्फत् सीमान्तकृत उखु किसानहरूलाई सशक्तिकरण गरेर दिगो विकास प्रतिको आफ्नो प्रतिबद्धता प्रदर्शन गर्न निरन्तर क्रियाशील छ । गरिबी न्यूनीकरण र आर्थिक वृद्धिमा कृषिको महत्त्वपूर्ण भूमिकालाई आत्मसात गर्दै एनडीपीएल आफ्नो सेवाक्षेत्र भित्रका समुदायहरूमा कृषि प्रविधिको ज्ञान विस्तार र प्रयोगमा अभ्यस्त बनाउन क्रियाशील रहेको छ । किसानहरूलाई उत्पादकत्व र लचिलोपन सुधार गर्न दिगो कृषि प्रविधिहरूको ज्ञानको विकास गर्ने उद्देश्यले २०८१ मंसिर १० र ११ गते एनडीपीएलले विराटनगर र सर्लाहीको लालवन्दीमा क्षमता अभिवृद्धि तालिम कार्यक्रम आयोजना गरेको थियो । विराटनगरमा सञ्चालित कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, कोशी प्रदेश योजना आयोगका सदस्य, विराटनगर महानगरपालिकाका मेयरलगायत स्थानीय नेता तथा विशिष्ट व्यक्तित्वहरुको उपस्थिति भएको थियो । त्यसै गरी लालबन्दीमा भएको कार्यक्रममा लालबन्दी नगरपालिकाका मेयरलगायत स्थानीय नेता तथा विशिष्ट व्यक्तित्वहरुको उपस्थिति भएको थियो । कार्यक्रममा सहभागीहरुले स्थानीय कृषकहरूका समस्या तथा चुनौतीहरू सामना गर्न आवश्यक सहयोग एवम् यस प्रकारका क्षमता अभिवृद्धि तालिम प्रभावकारी हुनेतर्फ जोड दिएका थिए । उपस्थित प्रमुख व्यक्तित्वहरुले एनडीपीएलले गरेको पहलहरूको मुक्तकण्ठले प्रशंसा गरेका थिए । कार्यक्रमलाई किसानहरूले आफ्नो कृषि प्रविधिलाई सुधार गर्ने अवसरको रूपमा लिँदै सक्रिय रूपमा सहभागिता जनाएका थिए । तालिममा सहभागी ८० जना कृषकहरूलाई कृषि उत्पादकत्व र लचिलोपन सुधार गर्न आवश्यक सीप र ज्ञान हासिल गर्ने अपेक्षा राखिएको छ । यस कार्यक्रमले दिगो खाद्य उत्पादन प्रणाली र लचिलो कृषि प्रविधिहरूमा जोड दिँदै किसानहरूलाई वातावरणीय रूपमा स्वस्थ र जलवायुमैत्री अभ्यासहरू अपनाउन सशक्त बनाएको थियो । यस पहलले एनडीपीएलको स्थानीय समुदायहरूसँगको सम्बन्धलाई अझ सुदृढ बनाउन र दिगो विकासप्रतिको प्रतिबद्धताबारे चेतना बढाउन भूमिका खेल्ने विश्वास गरिएको छ । यस्ता कार्यक्रम मार्फत् एनडीपीएलले सुधारिएको कृषि अभ्यासलाई प्रवद्र्धन गर्ने, आय वृद्धि गर्ने र सामुदायिक लचिलोपनलाई सुदृढ बनाउने लक्ष्य राखेको छ । थप उत्पादनशील र दिगो कृषि प्रणालीहरू निर्माण गरेर एनडीपीएलले हरेक किसानहरूको जीविकोपार्जनमा योगदान दिँदै दीर्घकालीन खाद्य सुरक्षाको क्षेत्रसँगै नेपालका केही कमजोर समुदायहरूमा गरिबी न्यूनीकरणमा समेत योगदान दिइरहेको छ । नेपाल डिस्टिलरीज प्रा. लि. नेपालमा मादक पेय पदार्थको एक अग्रणी उत्पादक हो जो आफ्नो प्रमुख ब्रान्ड खुकुरी रमका लागि प्रख्यात छ । कम्पनी आफ्नो दिगो विकास लक्ष्यहरूको एक अंशको रूपमा स्थानीय समुदायहरूको उत्थान र राष्ट्रको समग्र कल्याणमा योगदान गर्न सक्रिय रूपमा संलग्न रहन प्रतिबद्ध छ ।

# अवैध कब्जा गरिएको पोखरी उपमहानगरको स्वामित्वमा



**मधेशदृष्टि**
**कलैया ।**
कलैया उपमहानगरपालिका वडा नं.२६ स्थित छठिया पोखरी, उपमहानगरले आफ्नो स्वामित्वमा फर्काएको छ । आइतवार वडाध्यक्ष धर्मेन्द्र यादवको नेतृत्वमा स्थानीय तथा नगर प्रहरीको सहयोगमा बिगत केही वर्षदेखि केही व्यक्तिहरुद्धारा कब्जा गरिएको उक्त साढे १४ कठ्ठा क्षेत्रफलको पोखरी उपमहानगरले आफ्नो स्वामित्वमा फर्काएको हो । ठेक्का समेत भइसकेको उक्त पोखरीमा माछाको भुरा समेत हालिएको छ । कलैया उपमहानगरपालिकाको सिमानामा रहेको छठिया पोखरी केही व्यक्तिले बलपुर्वक कब्जा गरेका थिए । नगर प्रमुख बिनोद साहको निर्देशनमा वातावरण तथा विपत्त व्यवस्थापन महाशाखाका प्रमुख अनिल पाण्डेयको नेतृत्वमा रहेको नगर प्रहरीको टोली तथा वडाध्यक्ष धर्मेन्द्र यादवको नेतृत्वमा रहेको स्थानीय र नेपाल प्रहरीको सहयोगमा उक्त पोखरी कलैया उपमहानगरपालिकाको स्वामित्वमा फर्काईएको वडाध्यक्ष यादवले बताए । पोखरीको डिलमा कलैया उपमहानगरपालिकाको बोर्ड समेट ठड्याईएको छ ।

# पटेल मृत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका वडा नम्बर–४ बस्ने बर्ष ४५ को हृदेश पटेल मृत अवस्थामा फेला परेको छ । शनिबार बिहान १० बजे खाना खाई साईकल लिएर जङ्गलमा दाउरा लिन गएका पटेल आइतबार बिहान मृत अवस्थामा जङ्गलमा फेला परेको हो । जङ्गल गएका पटेल शनिबार साँझसम्म पनि घर नफर्किएपछि साँझ देखि नै घरपरिवार खोजी कार्यमा लागेका थिए । आइतबार बिहान स्थानीयहरु दाउरा लिन जङ्गल जाने क्रममा उनको शव देखेपछि स्थानीय प्रहरी चौकी बडनिहारलाई खबर गरेका थिए । बडनिहार प्रहरी चौकी र स्थानीयहरु घटना स्थलमा पुग्दा पटेल दाउरा साईकलमा लिएर आउने क्रममा ढोरियामाई जङ्गल क्षेत्रमा साईकल सहित लडेको अवस्थामा उनी मृत फेला परेको थियो । उनको शरीरमा शंकास्पद कुनै चोटपटक र दाग नरहेको प्रहरीले जनाएको छ । शवको मुचुल्का उठाई पोष्टमार्टमका लागि नारायणी अस्पताल वीरगंजमा पठाईएको ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलिका प्रहरी निरीक्षक प्रकाश थापाले बताए ।

# मानवाधिकार एलाइन्स पर्साको अध्यक्षमा शर्मा

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय मानवाधिकार तथा सामाजिक न्याय मञ्च (मानवाधिकार एलाइन्स) को प्रथम जिल्ला स्तरीय भेलाबाट शुष्मा शर्माको संयोजकत्वमा ११ सदस्यीय पर्सा जिल्ला तदर्थ समिति गठन गरिएको छ ।

नेकपा (एमाले) पर्साका अध्यक्ष डा. विश्म्भर कुमार शर्माको प्रमुख आतिथ्यमा आइतबार सम्पन्न भेलामा नेकपा (एमाले) पर्साका सचिव महेश दास, राष्ट्रिय मानवाधिकार तथा सामाजिक न्याय मञ्चका केन्द्रीय सदस्य कृष्ण लामा, र प्रदेश सदस्य अनिल तिवारीले मन्तव्य व्यक्त गरेका थिए ।

समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष सन्तोष खनाल रहेका छन् भने सदस्यहरूमा कृष्ण यादव, मुकेश यादव, ग्यासु मिया देवान, नितेश कुमार कर्ण, अनिल साह रौनियार, ललन पटेल, अनिल यादव, र विजय प्रताप सिंह चयन भएका छन् ।

राष्ट्रिय मानवाधिकार तथा सामाजिक न्याय मञ्च नेकपा (एमाले) को जनसंगठनको रूपमा सक्रिय रहेको छ । यस भेलाले पर्सा जिल्लामा मानव अधिकार संरक्षण र सामाजिक न्यायका मुद्दालाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# प्याब्सन पर्साको अध्यक्षमा चौधरी निर्वाचित

**मधेशदृष्टि**
**वीरगंज ।**
निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पर्साको १६ औँ जिल्ला अधिवेशनबाट सरोज चौधरी अध्यक्षमा निर्वाचित भएका छन् । चौधरीले २६ मत प्राप्त गरे भने उनका प्रतिद्वन्दी शिव गुप्ताले २२ मत प्राप्त गरे । मतदानमा कुल ४८ जनाले आफ्नो मत प्रयोग गरेका थिए । यसअघि वीरगंजको एक होटलमा अधिवेशनको उद्घाटन सत्र सम्पन्न भएको थियो । प्याब्सन पर्साका अध्यक्ष पुरण प्रधानको अध्यक्षतामा सम्पन्न अधिवेशनको उद्घाटन प्याब्सन केन्द्रिय महासचिव आरबी कटुवालले गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्याब्सनले शिक्षा क्षेत्रमा गरीरहेका गतिविधिले समाजको शैक्षिक अवस्थामा महत्वपूर्ण भूमिका निर्वाह गरीरहेको दाबी गरे । कार्यक्रममा मधेश प्रदेश नीति आयोगका सदस्य एवम् डा. हरिशंकर साह, मधेश प्रदेश अध्यक्ष दिपक रेग्मी, बरिष्ठ उपाध्यक्ष श्याम केसी, मधेश प्रदेश सचिव गणेश साह, केन्द्रिय सदस्य छेदुप लामा, बाराका पूर्व अध्यक्षद्वय हरिदेव खरेल, नेत्र दहाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा प्याब्सन मधेश प्रदेशका सल्लाहकार इमामुदिन अहमद, प्रदेश अध्यक्ष दिपक रेग्मी, सचिव गणेश साह, पूर्व सल्लाहकार मणि पाख्रिन लगायतले शुभकामना मन्तव्य राखेका थिए

# अत्याधिक चिसोका कारण सामुदायिक विद्यालय २ दिन बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
अत्याधिक चिसोका कारण बाराको देवताल गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरु २ दिनका लागि बन्द भएको छ । गाउँपालिकाको शिक्षा शाखाले सामाजिक संजालमा एक सूचना जारी गर्दै आइतबार र सोमबार २ दिनका लागि विद्यालयहरु बन्द गरिएको जनाएको हो । चिसोका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकुल समस्या पर्न सक्ने भन्दै सबै सामुदायिक विद्यालयमा बिदा दिईएको गाउँपालिकाका अध्यक्ष उदय प्रसाद यादवले बताए । यद्यपि राष्ट्रपति रनिङ्गशिल्डमा सहभागी विद्यार्थीहरुको अभ्यास भने जारी राख्न जारी सूचनामा उल्लेख छ । विगत ४ दिनदेखि बारा–पर्सा लगायत तराई क्षेत्रमा लागेको हुस्सु र कुहिरोका कारण स्थानीयहरुको जनजिवन कष्टकर बन्दै गएको छ । चिसो मौसममा खासगरी बालबालिका बढी प्रभावित हुने हुँदा उनीहरुको स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै दुई दिनको विदा दिइएको प्रशासकीय अधिकृत नविन कुमार श्रीवास्तवले बताए । यसैबीच वीरगंजमा चिसोले कठ्यांग्रिएर १ जनाको मृत्यु भएको छ । वीरगंजको आर्दशनगरस्थित पुरानो बसपार्कमा आइतबार बिहान १ जनाको मृत्यु भएको पर्साका प्रहरी नायब उपरीक्षक किशोर लाम्सालले जानकारी दिए । मृतकको सखानत हुन नसकेको र घटनाको विषयमा अनुसन्धान भइरहेको उनले बताए ।

# बेवारिसे स्कार्पियो भन्सारमा बुझाइयो



**मधेशदृष्टि**
**रौतहट ।**
प्रहरी गस्ती टोलीले बेवारिसे अवस्थामा फेला पारेको भारतिय नम्बरको स्कार्पियो गाडी ३० लाख रुपैयाँ मूल्याङ्कन गरी जिल्ला भन्सार कार्यालय गौरमा बुझाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले विआर ०१ पी एल ९३८३ नम्बरको बेवारिसे सेतो रंगको स्कार्पियो गाडी ३० लाख रुपैयाँ मुल्याङन गरी आवश्यक कारवाहीको लागि शुक्रबार भन्सारमा बुझाएको प्रहरीले आइतबार एक सूचना जारी गर्दै सार्वजनिक गरेको छ । भन्सार छलीको स्कार्पियो गाडी चलाईरहेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले खोजतलास गर्दै जाँदा गत साउन ४ गते दुर्गा भगवती गाउँपालिका ३ स्थित सडक छेउमा उक्त गाडी बरामद गरेको थियो । पटक पटक सूचना जारी गर्दा पनि ५ महिनाको अवधिमा उक्त भारतीय नम्बरको स्कार्पियो गाडीको हक दाबी गर्ने प्रहरीको सम्पर्कमा कोही नआउँदा बाध्य भएर भन्सारमा बुझाएको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादले बताए । रौतहट जिल्ला अन्तर्गत २८ किलोमिटर लामो सिमाना भारतसँग जोडिएको र सदियौं देखि दुई देशबीच रोटी बेटीको सम्बन्ध रहिआएकाले यहाँ भारतीय नबरको गाडी आउजाउ हुँदै आएको छ ।

# मेयर साहद्वारा २७ वटै स्वास्थ्य चौकीमा ल्यापटप वितरण

**संजय तिवारी**
**कलैया ।**
कलैया उपमहानगरपालिकाको २७ वटै वडामा रहेको स्वास्थ्य चौकी प्रविधियुक्त भएको छ । ती स्वास्थ्य चौकीहरुमा ईन्टरनेट, प्रिन्टर र ल्याप्टप पुगेसँगै अब सबै काम प्रविधि मैत्री हुने भएको हो ।



यसअघि १७ वटा वडामा ती शुविधा उपलब्ध भएकोमा आइतबार नगर प्रमुख बिनोद साहले बाँकी १० वटा वडामा ल्याप्टप लगायतका सामाग्री वितरण गरेसँगै सबै स्वास्थ्य चौकी प्रविधियुक्त भएका हुन् ।

ईन्टरनेट, प्रिन्टर र ल्याप्टपको पहुँच पुगेसँगै सेवाग्राहीहरुको तथ्यांक, आवश्यक्ता तथा आवश्यक कुराहरुको सरल पहिचान हुने कलैया उपमहानगरपालिका स्वास्थ्य शाखाका प्रमुख अजय जयसवालले बताए । आइतबार ल्याप्टप वितरण गर्दै मेयर साहले स्वास्थ्य क्षेत्रमा कलैया उपमहानगरपालिकालाई अब्बल बनाउन कुनै कसर बाँकी नराखिने बताए । सो अवसरमा प्रमुख प्रशासकिय अधिकृत नाथु साह, स्वास्थ्य शाखाका मनोज यादव एवम् विभिन्न स्वास्थ्य चौकीका प्रमुखहरु सहभागी रहेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन